# बेथलेहेम मण्डली निर्देशिका

# BETHLEHEM CHURCH MANUAL

स्थापित २०५३ / 1996



**प्रकाशक**

**बेथलेहेम मण्डली केन्द्रीय समिति**

केन्द्रीय मण्डलीः कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ६
मूलपानी, काठमाडौं, नेपाल
E-mail: bethlehemchurch18@gmail.com
Web: www.bethlehemchurchnp.org

# बेथलेहेम केन्द्रिय समितिहरू



अध्यक्ष
पा. धन बहादुर सुनुवार (दिनेश)



सह-अध्यक्ष
पा. नहकुल पेमा तामाङ्ग



उप-अध्यक्ष
पा. कृष्ण सुनुवार



उप-अध्यक्ष
पा. योग बहादुर बिसुन्खे



सचिव
पा. पूर्ण बिसुन्खे



कोषाध्यक्ष
पा. लाछिरी शेपा



सदस्य
पा. डम्बर सुनुवार



सदस्य
पा. कमल बिसुन्खे



सदस्य
पा. पिटर सुनुवार



सदस्य
पा. भिम बहादुर श्रेष्ठ



सदस्य
पा. पदम बस्नेत



सदस्य
डि. पदमकुमारी सुनुवार



सदस्य
डि. शर्मिला सुनुवार

# सल्लाहकार समितिहरू



अधिवक्ता
महादेव बानिया



पास्टर
भोजराज सुनुवार



एल्डर
दिल्लीराम सुनुवार



एल्डर
निरकुमार बसेल

अगुवा
हरिबहादुर सुनुवार

# बेथलेहेम मण्डली निर्देशिका

# BETHLEHEM CHURCH MANUAL

स्थापित २०५३/1996

**प्रकाशक**

**बेथलेहेम मण्डली केन्द्रीय समिति**

केन्द्रीय मण्डली: कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ६

मूलपानी, काठमाडौं, नेपाल

E-mail: bethlehemchurch18@gmail.com

Web: www.bethlehemchurchnp.org

**प्रकाशक : बेथलेहेम मण्डली केन्द्रीय समिति**

**सर्वाधिकार : बेथलेहेम मण्डली केन्द्रीय समिति**

**प्रयोग**

बेथलेहेम मण्डलीहरूका
लागि मात्र ।

**लेखन तथा सम्पादन**

**पास्टर नहकुल तामाङ (M.A., B.Th., B.A.)**

**बेथलेहेम काठमाडौं मण्डली**
**कागेश्वरी मनोहरा न.पा. ६, मुलपानी**
E-mail: nakultmg@gmail.com

# अध्यक्षको कलमबाट...

यो निर्देशिकाद्वार मण्डली संचालनको निम्ति पास्टर र एल्डर ज्यूहरूलाई धेरै सहयोग पुग्नेछ भन्ने कुरामा म विश्वस्त छु । यो निर्देशिका लेख्ने र छाप्ने सबै व्यबस्था मिलाई तयार गर्नुहुने हाम्रो बेथलेहेम मण्डलीको मिसन पास्टर नहकुल तामाङ भाइलाई म हृदयदेखि नै धन्यवाद भन्दछु ।

विधिगतरूपमा बेथलेहेम मण्डलीको स्थापना वि. स. २०५३ सालमा रामेछापको भुजी ठिन्केपुमा स्थापना भएपनि त्यहाँ २०४८ सालदेखि नै सुसमचारको काम शुरू भएको थियो । बेथलेहेम मण्डली परमेश्वरको महान आज्ञा सुसमाचार प्रचार र मण्डली स्थापनाको कामलाई मण्डलीको मुख्य उद्देश्य लिएर अघि बढिरहेको छ । यो मण्डली स्थापना भएको दुई दशक भन्दा बढी समय बितिसकेको छ । यो मण्डली स्थापना गर्न परमेश्वरले मलाई प्रयोग गर्नु भएको निम्ति म उहाँलाई हृदयदेखि नै धन्यवाद चढाउछु । हाल मण्डलीको संस्थापक पास्टरकोरूपमा रहेर उहाँको सेवा गर्न पाएकोमा मैले आफैलाई सौभाग्य ठानेको छु ।

यो निर्देशिकामा भएका कुराहरूले हामी मण्डलीमा सेवा गर्दै गरेका सेवकहरूलाई मण्डली संचालन गर्न टेवा दिनेछ । यसमा मण्डलीको विश्वास, संरचना, विधि–विधान र अनुशासनको बारेमा स्पष्ट उल्लेख गरिएको छ । मण्डलीको सेवामा भएको सम्पूर्ण अगुवाहरूले राम्रोसँग अध्ययन गरी, यसलाई बुझेर यहि अनुसार सेवाको काममा अघि बढ्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा यो मण्डली यहाँसम्म आइपुग्न मेरो एक्लो प्रयास र कोसिसले मात्र सम्भव थिएन । मलाई हरसमय साथ दिनुहुने मसँगै रहेर समितिमा हुनुहुने र बाहिर रहनुहुने सम्पूर्ण पास्टर भाइहरू धन्यवादको पात्रहरू हुनुहुन्छ । प्रभूले सबैलाई आशिष दिऊन् । धन्यवाद !

उहाँको सेवामा
**पास्टर दिनेश सुनुवार**
**संस्थापक**
**बेथलेहेम मण्डली नेपाल**

# विषय-सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| परिचय | ५-६ |
| मण्डलीको पृष्ठभूमि | ७ |
| मण्डलीको रणनीति (नाम, दर्शन, मिसन, संङ्ती र सेवाकाई) | ८-१० |
| Background of Churach | ११-१४ |
| मण्डलीको विश्वास | १५-१८ |
| मण्डली सञ्चालन समितिको संरचना | १९-२१ |
| मण्डलीको अगुवाहरूको योग्यता, कर्तव्य र नियुक्ति | २२-२५ |
| मण्डलीको सदस्यता र पुनर्स्थापना | २६-२८ |
| मण्डलीमा गरिने पवित्र विधिहरू | २९-३४ |
| १. प्रभु-भोज | २९-३१ |
| २. पानीको बप्तिस्मा | ३२-३४ |
| मण्डलीमा गरिने विविध विधिहरू | ३५-५५ |
| १. पास्टर, एल्डर र डिकनहरूको नियुक्ति | ३५-३९ |
| २. बाल अर्पण तथा नामाकरण विधि | ४०-४१ |
| ३. पवित्र मगनी | ४२-४५ |
| ४. पवित्र विवाह | ४६-५२ |
| ५.मृत्यु संस्कार वा मृत-शरीरको दफन | ५३-५५ |
| मण्डलीमा हुने विभिन्न उत्सवहरू | ५६-६४ |
| १.ख्रीष्टमस उत्सव | ५६-५८ |
| २. असल शुक्रबार र पुनरूत्थान उत्सव | ५९-६१ |
| ३.जन्मोत्सव | ६१-६२ |
| ४. मण्डली भवन समर्पण | ६२-६४ |
| ५.मण्डलीको वार्षिकोत्सव | ६४ |
| यस निर्देशिकाको संरक्षण, प्रयोग र संशोधन | ६५ |
| प्रभु येशूले सिकाउनुभएको प्रार्थना | ६५ |

# परिचय

नेपालको मण्डली इतिहास त्यति लामो छैन । यसको इतिहास छोटो भए पनि नेपालमा मण्डली वृद्धि दर तीब्र गतिमा भएको पाइन्छ । मण्डली वृद्धि दरलाई नियालेर हेर्ने हो भने विश्वासीको सङ्ख्याभन्दा मण्डली भवन तथा सङ्गतिहरू तीब्र गतिमा वृद्धि भएको पाइन्छ । मण्डली वा सङ्गति तीब्र गतिमा वृद्धि हुनुको पछाडि विभिन्न कारणहरू छन् । जसमध्ये एउटा कारण, मण्डली सञ्चालनमा कुनै मापदण्ड र संरचना नभएकोले पनि हो । इतिहासलाई हेर्ने हो भने प्राय जसो कुनै पनि ठाउँको पहिलो ईसाई नै पास्टर भएको पाइन्छ । जब मण्डली वृद्धि हुँदै जान्छ तब उसले मण्डलीलाई सही नेतृत्व दिन सक्दैन र मण्डली फुट्ने र भ्रूटा शिक्षाहरूले लाने गर्छन् । त्यसपछि मण्डलीको सङ्ख्या बढ्दैनन्, तर विश्वासीको सङ्ख्या घट्छन् । यो समस्या हुनुको मुख्य कारण मण्डलीको विश्वास के हो भन्ने कुरा थाहा नहुनु हो ।

नेपालको मण्डली संख्या वृद्धिको अर्को कारण, संसारमा बढ्दो सम्प्रदायहरूको प्रभाव पनि हो । ईसाईहरू थोरै भए पनि संसारमा भएको प्रायः सम्प्रदायहरू नेपाल भित्रिसकेका छन् । धेरैजसो सम्प्रदायहरूले नयाँ सङ्गति शुरू गर्नुको सट्टा शुरू भइसकेका साना–साना मण्डलीहरूलाई आर्थिक सहायता गरेर आफ्नो सम्प्रदायमा प्रवेश गराउने गरेको पाइन्छ । यो समस्या हुनुमा मण्डलीमा दर्शन भएको र सक्षम अगुवाहरू नहुनुको साथै मण्डलीमा निश्चित र लिखित निर्देशिका नभएकोले पनि हो । कुनै पनि सङ्गठन वा समूह अघि बढ्नको निम्ति निश्चित दर्शन र मिसनको साथमा रणनीति हुनुपर्दछ । मानिसहरू सबै अघि बढ्न चाहन्छन्, तर यसको निम्ति उनीहरूलाई उत्साह र निर्देशन चाहिन्छ ।

अहिले नेपालको मण्डलीले भोगिरहेको अर्को चुनौतीचाहिँ पहिलो पुस्ताबाट दोस्रो पुस्तालाई सेवा हस्तान्तरणको पनि हो । कति

मण्डली यस्तो पनि छन् जहाँ पास्टर नै सबै कुरा हो । पास्टरलाई केही भयो भने मण्डली सिद्धियो । मण्डलीमा कुनै सञ्चालक समिति नै छैन । कसको जिम्मेवारी के हो र पास्टरको जीवनकालपछि त्यो मण्डली कहाँ जान्छ थाहा छैन । त्यसैले गर्दा मण्डलीको निश्चित दर्शन, मिसन, विश्वास र संरचना हुनु आवश्यक छ । यी विभिन्न चुनौतीहरूलाई मध्यनजर गर्दै यसको समाधानको उपाय स्वरूप यो लिखित निर्देशिका तयार गरिएको छ, जसले मण्डली सञ्चालन गर्नमा मण्डलीका अगुवाहरूलाई निर्देशन गर्दछ ।

# मण्डलीको पृष्ठभूमि

बेथलेहेम मण्डली एक स्वतन्त्र सुसमाचारवादी मण्डली हो । यो रामेछाप जिल्लाको भुजी गा. वि. स. वडा नं. ३ (हाल उमाकुण्ड गाउँपालिका – ७, भुजी) मा शुरू भएर हाल काठमाडौं लगायत विभिन्न जिल्लाहरूमा पनि स्थापना भएका छन् । यस मण्डलीको संस्थापक पास्टर धन बहादुर (दिनेश) सुनुवार हुनुहुन्छ । काठमाडौंको मण्डली पछि शुरू भए तापनि संस्थापक पास्टर दिनेश सुनुवारकै नेतृत्वमा सुरूवात भएकोले गर्दा काठमाडौंकै मण्डलीलाई केन्द्रीय तथा मुख्य मण्डलीको रूपमा मानिन्छ । यो रामेछापको भुजी – ३ मा, वि.स. २०५३ (सन् १९९६) सालमा स्थापना भएको थियो र छोटो समयमै शाखा मण्डलीहरू वृद्धि भएकोले वि. स. २०६२ (सन् २००५) सालमा काठमाडौंमा पनि स्थापना भयो । शाखा मण्डलीहरू तीब्र गतिमा वृद्धि भएकोले यसलाई बाइबलीय शिक्षा अनुरूप सञ्चालन गर्नको निम्ति पास्टरहरूको एक केन्द्रीय स्तरको सञ्चालक समिति गठन गरियो । त्यसै गरी प्रत्येक स्थानीय मण्डलीमा स्थानीय स्तरको पास्टर तथा अगुवाहरूको एक सञ्चालक समिति छ । स्थानीय मण्डलीको सञ्चालन गर्ने काम यी स्थानीय मण्डलीले नै गर्दछन भने सम्पूर्ण मण्डलीहरूलाई एकीकृत रूपमा अगाडि बढाउने र मुख्य सवालहरू केन्द्रीय समितिले हेर्ने गर्दछ । केन्द्रीय समितिको सदस्यहरू केन्द्रीय मण्डलीको पास्टरको नेतृत्वमा रहन्छ ।

# मण्डलीको रणनीति

**मण्डलीको नाम र छाप**

यस मण्डलीको पहिलो नाम 'बेथलेहेम ठिन्केपु मण्डली' थियो । त्यसैले अरू मण्डलीहरूको नाम बेथलेहेम पछि ठाउँ वा टोलको नाम राख्ने निर्णय गरियो । कति पटक जिल्लामा पहिलो स्थापना भएको मण्डलीलाई जिल्लाको नाम पनि दिइनेछन् । 'बेथलेहेम' नाम बाइबलबाट ल्याइएको हो जसको अर्थ 'रोटीको घर' भन्ने हुन्छ । यो इस्राएल देशको एक शहरको नाम पनि हो, जहाँ ख्रीष्ट येशूको जन्म भएको थियो । सबै मण्डलीको नाम एउटै भएको कारण मण्डलीको छाप पनि एउटै रहनेछ ।

**मण्डलीको दर्शन**ः परमेश्वरको वचन अनुसार जिउने स्वस्थ मण्डली स्थापना अभियान चलिरहेको देख्नु हो (प्रकाश ३ः८) ।

**मण्डलीको मिसन**ः नेपालको विभिन्न ठाउँमा चेला निर्माण प्रक्रियाद्वारा, जीवन रूपान्तरण र स्वस्थ मण्डली स्थापना गर्नु हो (मत्ती २८ः१९–२०) ।

**मण्डलीका मूल्य–मान्यताहरू**

१. मण्डलीको आधारभूत कार्य सुसमाचार प्रचार र चेला निर्माण हो ।
२. सेवामा पवित्र आत्माको अगुवाइ चाहिन्छ ।
३. सामूहिक कार्य र निर्णयलाई महत्त्व दिँदछ ।
४. स्थानीय तहका अगुवापन र निर्माणलाई महत्त्व दिनुपर्दछ ।
५. मण्डली स्वचालित, स्वपालित र स्वशासित हुनुपर्दछ ।
६. साझेदारीले मण्डली वृद्धिमा सहायता गर्दछ ।
७. सेवाको सम्पूर्ण श्रेय परमेश्वरलाई दिनुपर्दछ ।

**मण्डलीमा हुने सङ्गतिहरू**

१. साप्ताहिक आराधना सङ्गति
२. जवान सङ्गति
३. किश्वर–किश्वरी (टिनएजर) सङ्गति
४. बाल सङ्गति
५. दिदी–बहिनी सङ्गति
६. उपवास सङ्गति
७. घरेलु सङ्गतिहरू
८. समुदाय बाइबल अध्ययन

**मण्डलीको सेवाकाईहरू**

१. **चेलापन तालिम**: चेलापन एक कार्यक्रम नभएर यो एक प्रक्रिया हो, तर यो तालिमबाट शुरूवात हुन्छ। येशू प्रभुले आफ्नो चेलापन प्रक्रियामा छान्नुभयो, शिक्षा दिनुभयो, कसरी गर्ने भनेर गरेर देखाउनुभयो, अनि गर्नको लागि जिम्मा दिनुभयो । हामीले पनि यो चेलापन तालिममा येशू ख्रीष्टको तरिकालाई अनुकरण गर्दै आएकाछौं र गरिरहनेछौं ।

२. **अगुवापन तालिम**: अगुवापन तालिमको रूपमा हाम्रो आफ्नै निश्चित तालिम केन्द्र त छैन, तर भविष्यको एक योजनमा छ । हामीले अगुवा निर्माणको निम्ति विभिन्न तालिम केन्द्रहरूसँग साझेदारी गरी तालिममा पठाउने र समय मिलाए हाम्रै मण्डलीमा तालिम सञ्चालन गर्ने गरेकाछौं । अगुवहरू निर्माणको क्रममा विभिन्न व्यक्तिहरूलाई बाइबल कलेजमा पठाई दक्ष अगुवाहरू पनि निर्माण गर्दैछौं । सेवा गर्दै गरेका अगुवाहरूको जागृतीको निम्ति कम्तिमा वर्षमा एकचोटी अगुवापन सम्मेलन गर्ने गर्छौं ।

३. **जवान सम्मेलनः** अहिले वर्षको एकचोटी जवानहरूको आत्मिक र बौद्धिक बिकासको निम्ति सँयुक्त जवान सम्मेलन गर्ने गर्छौं । जवानहरूलाई विभिन्न सिपमूलक तालिमहरू र शिक्षाको निम्ति उत्साह र साहयता गर्छौं ।

४. **दिदी बहिनी सम्मेलनः** दिदी बहिनीहरूको आत्मिक र बौद्धिक बिकासको निम्ति विभिन्न समय मिलाएर विभिन्न तालिम र सम्मेलनहरू गर्छौं ।

५. **सु-समचार कार्यः** सु–समचार मण्डलीको आधारभूत कार्य भएकोले प्रत्येक विश्वासीलाई प्रचार कार्यमा उत्साह दिँदै विभिन्न समयमा विभिन्न सु–समचार कार्यक्रमहरू पनि गर्छौं ।

६. **मण्डली स्थापनाः** मण्डली स्थापनाको लागि जब प्रचारकहरूले नयाँ ठाऊमा विश्वासी बनाउँछन्, तब त्यस ठाउँमा सङ्गति शुरू गर्न र स्थानीय अगुवा निर्माण गर्ने उत्साह दिन्छौं । प्रत्येक मण्डलीले मण्डलीहरू स्थापना गर्ने अभियानमा जोड दिन्छौं ।

७. **समाज सेवाः** व्यक्ति र समाज रूपान्तरणको निम्ति समाज र व्यक्तिको आवश्यकतालाई अनुसन्धान गरी सक्दो सहायता गर्दछौं । प्राकृतिक प्रकोपमा परेको परिवारलाई सहायता गर्नुको साथै बिधुवा तथा अनाथ बाल–बालिकाहरूलाई सहायता गर्ने गर्छौं । समाजमा शिक्षा तथा स्वास्थ्य क्षेत्रको बिकासमा पनि सक्दो सहायता गर्ने गर्छौं ।

# Background of the church

We are an independent evangelical church group. It was started by Pastor Dinesh Sunuwar at Ramechhap in 1996. Ramechhap is one of the remote villages of Nepal which is located in the east part of Kathmandu. Pastor Sunuwar accepted to Jesus Christ as personal savior in Kathmandu. When he knew that Jesus is savior then he went to his own village to share the gospel to his relatives. When he went there as a church planter, there was no Christian. Right now there are more than ten churches in his village itself. Within seven years he was able to establish four churches. Then slowly churches planted churches even in other villages. In the process of growth we were able to establish a church in Kathmandu in 2005. Right now we have 32 branch churches around the Nepal. Our method for church planting is encouraging churches to plant other churches.We have a Bethlehem church board to oversee all the Bethlehem churches. As a founder pastor, since 2005 Pastor Dinesh is working as a senior pastor at Bethlehem kathmandu church and president of Bethlehem church board.

# Strategy of the church

**Our Vision Statement:** Is to see healthy church planting movement happening everywhere which lives by the word of God. – Rev. 3:8

**Our Mission Statement:** Our mission is to establish healthy churches around the Nepal and transform life through the process of discipleship. – Matt. 28:19-20

**Our values**

1. Evangelism and discipleship
2. Guidance of the Holy Spirit
3. Team work and decision
4. Local leadership and development
5. Self-sustaining, supporting, and governing
6. Partnership for the growth
7. Glory goes to God alone

## Our Weekly Fellowship to fulfill our Mission and Vision

1. Saturday Fellowship
2. Friday Fasting Prayer
3. Youth Fellowship
4. Children Fellowship
5. Teenager Fellowship
6. Women Fellowship
7. House Fellowship
8. Community Bible Studies

## Yearly Programs to fulfill our Mission and Vision

### 1. Discipleship Training

We started discipleship training from 2010. We train 15-20 young people every year for exposing them in mission work. We teach them foundational belief and important of the gospel to the lost people. We train them in both areas theories and practical. When they go to the field they can see and experience the power of God what they have learnt in the class room. The outcome of these training is discipling young people in the ministry and also planting churches through the evangelism. After finishing this training most of them can discover the calling of God in their lives so that some of them work as a church planter and some of them witness Christ wherever they work. Some of them have already planted the churches and doing pastoral ministry.

### 2. Leadership Training

For the leadership training we have to train existing pastors/leaders and emerging leaders. Therefore we have been praying and planning in this way.

*A. Training for existing leaders:* For the existing pastor we want to have at least a seminar in a year. We have many pastors and leaders who are not well trained to lead the church. Therefore, we want to have a seminar every year for 2 days for all the existing leaders on different topics like, "Handling word of God properly, balancing family and ministry, leadership skills." In this seminar we want to teach one and half days and half day we want to share the ministries and plan for next year.

*B. Training for emerging leaders:* We have been praying for regular leadership training for new leaders or those who finished discipleship training and work as church planter. For this training we want to have twice a year for three days each meeting. It will be in the setting of training. In every meeting it will be around 25 hours so we could teach a subject like 'Biblical Preaching, Leadership, Discipleship, church planting, ministry of Jesus etc.

**3. Yearly Youth camp**

Every year we conduct 'Bethlehem United Youth Revival Conference.' In this conference we gather all the youth from Bethlehem churches. We conduct it in the time of a Tihar festival so that our youth will not mingle with the friends to celebrate Tihar festival. We do it three days conference. There will be around 200 youths.

## Our Other Ministries

### Mission and Evangelism

As we focus on church planting, our mission is making disciples who can make other disciples. Therefore, mission and evangelism is our primary work. We have mission pastor and missionary pastors who works together for evangelism and church planting movement. Missionary pastors evangelize in new places and mission pastor will help in supplying their physical and spiritual needs in that place. Mission pastor's main role is helping them to train lay-leaders and networking with others to meet their needs. We also do mission trip and open gospel program to expose new people in the ministry and evangelism.

### Compassion Ministries

As Jesus showed compassion to children and poor, we also do compassion work for them. We have been taking care of some orphan children with our church leaders. They are taking care of them as family members. They can feel

family environment as they live together. We especially help them for their better education with the partnership of Nawa Aasha Nepal. We also support some poor children for their educations. We also help poor people when they are in need of medical treatment, food and when they lost their properties. There are many ways to show compassion in Nepal. We show compassion when there is need in community.

**Church planting ministry**

Evangelism, discipleship training and compassion ministries are foundation for church planting. We send people in church planting training and send them to plant churches where there is need. We ask them to start fellowship even though there is only one family. Then slowly the member will be added. Many people they don't want to travel far way to have fellowship. When they grow up in quantity and quality then we hand over to local leadership. We just visit sometimes and encourage them as apostle Paul did.

# मण्डलीको विश्वास

**हामी प्रेरितहरूको विश्वासको सारमा विश्वास गर्छौं**

म विश्वास गर्दछु, एक परमेश्वर सर्वशक्तिमान् पिता, स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुनेमाथि ।

अनि उहाँको एकलो पुत्र, हाम्रा प्रभु येशू ख्रीष्टमाथि, जो पवित्र आत्माको शक्तिद्वारा गर्भधारण हुनुभयो, कन्या मरियमदेखि जन्मनुभयो, जसले पन्तियस पिलातसको अधीनमा दुःख भोग्नुभयो, जो क्रूसमा टाँगिनुभयो, मारिनुभयो, अनि गाडिनुभयो, तेस्रो दिनमा मरेकाहरूबाट बिउँतनुभयो, स्वर्गमा चढिजानुभयो, अनि सर्वशक्तिमान् परमेश्वर पिताको दाहिने हातपट्टि बस्नुभएको छ, जहाँदेखि उहाँ जिउँदा र मरेकाहरूको न्याय गर्नलाई फेरि आउनुहुनेछ ।

म विश्वास गर्दछु, पवित्र आत्मामाथि, पवित्र मण्डलीमाथि, पवित्रहरूको सङ्गतिमाथि, पाप मोचनमाथि, शरीरको पुनरूत्थानमाथि र अजम्मरी जीवनमाथि । आमेन ।

**पवित्र बाइबल धर्मशास्त्रः**

बाइबलमा भएको सम्पूर्ण **६६** ओटा पुस्तकहरू परमेश्वरबाट प्रेरणा भएको हो; यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक छ (२तिमोथी ३:१६) । यो सिद्ध, विश्वसनीय, ठीक र उज्ज्वल छन् (भजन. १९:७,८) । यो ४० जनाभन्दा बढी मानव लेखकहरूले लेखे तापनि लेखकहरूले पवित्र आत्माको प्रेरणाद्वारा परमेश्वरको तर्फबाट बोलेका वा लेखेका हुन् (२पत्रुस १:२१) । बाइबल हाम्रो विश्वासको मुख्य मापदण्ड हो, त्यसैले कुनै पनि विषयको अन्तिम निष्कर्ष तथा निर्णय बाइबलबाट नै निकालिनुपर्दछ ।

**त्रिएक परमेश्वरः**

परमेश्वर पिता, पुत्र र पवित्र आत्मा त्रिएक परमेश्वर हुनुहुन्छ । त्रिएकको अर्थ तीन व्यक्तिहरू, तर एउटै व्यक्तित्व वा एक परमेश्वर हुन् । परमेश्वर पिता, पुत्र र पवित्र आत्मा तीनै व्यक्ति पूर्ण र समान परमेश्वर हुनुहुन्छ । यी तीनै व्यक्तित्व संसारको सुरूवात हुनुभन्दा अघिबाटै अस्तित्वमा हुनुहुन्थ्यो (उत्पत्ति **१:२,२६**; यूहन्ना **१:१–३**) । पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर भएकोले तीन व्यक्तिहरू, तर एउटै व्यक्तित्व भएकोले एक परमेश्वर भनिएको हो (मर्कूस **१:१०,११**) ।

**येशू ख्रीष्ट पूर्ण परमेश्वर र पूर्ण मानिसः**

येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ, तर मानिसको पापको मोल तिर्नको निम्ति बलि हुनलाई मानिसको रूपमा पवित्र आत्माद्वारा गर्भधारण भई कन्या मरियमद्वारा जन्मनुभयो (मत्ती **१:२०,२१**; फिलिप्पी **२: ६–८**) । उहाँ मानिसको पाप क्षमाको निम्ति क्रूसमा टाँगिएर मारिनुभयो, गाडिनुभयो अनि मानिसको धार्मिकताको निम्ति तेस्रो दिनमा मृत्युबाट बौरी उठ्नुभयो (मर्कूस **१५:२४,३७, १६:६**; रोमी **४:२५**) । उहाँ बौरी उठ्नुभएपछि चेलाहरूसँग देखा पर्नुभयो, खानुभयो, शिक्षा दिनुभयो अनि स्वर्गारोहण हुनुभयो (मर्कूस **१६:१९**, यूहन्ना **२१:१–२५**) । उहाँ मण्डलीलाई उठाउन र संसारको न्याय गर्नलाई फेरि आउनुहुनेछ (**१**थेसलोनिकी **४:१६**) ।

**पवित्र आत्मा पूर्ण परमेश्वरः**

पवित्र आत्मा, परमेश्वरको शक्ति वा आत्मा नभएर एक पूर्ण परमेश्वर तथा व्यक्ति हुनुहुन्छ (लूका **१२:१२**; यूहन्ना **१४:२६**) । पवित्र आत्मा परमेश्वर पिता र पुत्रसँग समान परमेश्वर हुनुहुन्छ (मत्ती **२८:१९**) । पवित्र आत्मा ख्रीष्टमा विश्वास गर्ने हरेक मानिसमा वास गर्नुहुन्छ (**१**कोरिन्थी **६:१९**) । पवित्र आत्माले हरेक विश्वासीलाई उहाँको इच्छाअनुसार फरक फरक वरदान दिनुहुन्छ (**१**कोरिन्थी

१२:११) । वरदानहरू विभिन्न किसिमका छन्, तर पवित्र आत्मा एउटै हुनुहुन्छ (१कोरिथी **१२:४–११; २७–३१; १४:१–४०**) ।

**पाप र उद्धार**:

परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा पापरहित सृष्टि गर्नुभएको थियो, तर मानिसले परमेश्वरको आज्ञालाई भङ्ग गरेर परमेश्वरको विरूद्धमा पाप गरे (उत्पत्ति **१:२६,२७; २:१७; ३:१–२**) । जुन पाप पहिलो मानिसले गरे, त्यो सबै मानिसमा सर्दै गयो, जसकारण सबै मानिस जाति पापी भए (रोमी **३:२३**) । मानिसको पाप छुटकारा वा उद्धार गर्नको निम्ति पापरहित मानिसको बलिदानको आवश्यकता पर्ने भएकोले परमेश्वर आफै मानिसको रूपमा जन्मनुभयो र क्रूसमा बलि हुनुभयो (यूहन्ना **३:१६; ५:२४; १७:३**) । त्यसैले धर्मकर्म र व्यवस्था पालन गरेर होइन, तर जसले ख्रीष्ट येशू नै एकमात्र परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्छन्, उनीहरूले अनुग्रहबाट विश्वासद्वारा उद्धार पाउँदछन् (यूहन्ना **१७:३**; एफिसी **२:८,९**; गलाती **२:२६**; रोमी **३:२४; ५:१२–१९; ६:२३**) ।

**अनन्त जीवन र शरीरको पुनरूत्थान**:

जसले ख्रीष्ट येशूलाई एकमात्र सत्य परमेश्वर भनी विश्वास गर्छन, उसले अनन्त जीवन पाउँदछ (यूहन्ना **१७:३**) । 'अनन्त जीवन'को अर्थ, 'कहिल्यै अन्त नहुने जीवन' हो । उहाँलाई विश्वास गर्ने मानिस शरीरमा एक चोटि मरे पनि ख्रीष्टको दोस्रो आगमनमा पुनरूत्थान हुनेछ र सधैंभरि ख्रीष्टसँगै नयाँ पृथ्वीमा रहनेछ (यूहन्ना **११:२५**; १थेसलोनिकी ४:१४—१७; प्रकाश **२१:१–५**) ।

**ख्रीष्टको दोस्रो आगमन र अन्तिम न्याय**:

ख्रीष्ट येशू जसरी स्वर्गारोहण हुनुभयो, त्यसै गरी फेरि मण्डलीलाई लिन र संसारको न्याय गर्नलाई आउनुहुनेछ (१थेसलोनिकी **४:१४–१७**; मत्ती **२५:३१–४६**; प्रकाश **१:७,८; २०:११–१५**) । ख्रीष्टमा

विश्वास गर्नेहरूको आशा यही हो, एक दिन यो संसारमा भएको अन्याय र अत्याचारको साथै शैतान सदाको लागि अन्त्य हुनेछ ।

**मण्डली ख्रीष्ट येशूको शरीरः**

मण्डली भनेको ख्रीष्ट येशूलाई परमेश्वर हो भनी विश्वास गर्ने मानिसहरूको समूह हो । मण्डलीको शिर ख्रीष्ट येशू आफै हुनुहुन्छ र मण्डलीचाहिँ उहाँको शरीर हो (एफिसी **१:२२,२३;** कलस्सी **१:१८**) । मण्डली ख्रीष्ट येशू आफैले स्थापित गर्नुहुन्छ (मत्ती **१६:१८**) । संसारमा मण्डलीको संरचना पेन्तिकोसको दिनदेखि सुरूवात भएको थियो किनकि पुरानो करारमा यो एक रहस्य थियो (प्रेरित **२:१–२१,३८–४७;** एफिसी **३:१–१०**) । मण्डलीको मुख्य उद्देश्य सबै जातिका मानिसलाई ख्रीष्ट येशूमा ल्याउनु र चेला बनाउनु हो (एफिसी **२:१५;** मत्ती **२८:१९,२०**) ।

मण्डलीमा ख्रीष्ट येशूले दुई वटा पवित्र विधिहरू दिनुभयो जुन प्रभु–भोज र पानीको बप्तिस्मा हो (मत्ती **२६:१७–३०; २८:१९** प्रेरित **२:३८–४२**) । मण्डलीको पवित्र विधिहरू र मुख्य अगुवापन पुरूषहरूले गर्नुपर्दछ किनकि बाइबलको सम्पूर्ण इतिहासमा यसलाई जोड दिइएको छ (उत्पत्ति **१:२६; २:९;** प्रेरित **६:१–७**) । मण्डली सञ्चालन गर्नको निम्ति पास्टरको नेतृत्वमा एक संरचना वा समिति हुनुपर्दछ (प्रेरित **६:१–७; १**कोरिन्थी **१२:२७–३१**) ।

# मण्डली सञ्चालन समितिको संरचना

**बेथलेहेम मण्डली केन्द्रीय समिति**

१. यस समितिको गठन केन्द्रीय मण्डलीको पास्टरको अध्यक्षतामा हुँदछ ।

२. यस समितिको सदस्यहरू शाखा मण्डलीहरूको पास्टर तथा एल्डरहरू र डिकनहरू रहनेछन् ।

३. यस समितिमा ११–१५ जनासम्मको सदस्य सङ्ख्या रहनेछन् ।

४. यस समितिलाई सही तरिकाले सञ्चालन गर्नको निम्ति विशिष्ट व्यक्तिहरू सल्लाहकारमा राखिनेछ ।

५. आर्थिक उन्नतिको निम्ति प्रत्येक मण्डलीको मासिक आयको १० प्रतिशत रकम केन्द्रीय समितिको कोषमा जम्मा गरिनेछ ।

६. यो रकम मण्डलीको पास्टर, सेवक, सेविकाहरू, सेवाकाई र समाजमा भैपरिआउने सामाजीक कार्यको निम्ति खर्च गरिने छ ।

७. पारदर्शिताको लागि प्रत्येक वर्ष वार्षिक सभा गरी वार्षिक प्रतिवेदन र भावी योजना प्रस्तुत गरिनेछ ।

८. वार्षिक सभामा सम्पूर्ण बेथलेहेम मण्डलीको पास्टर, एल्डर, डिकन/डिकनेस र मुख्य अगुवाहरू सहभागी हुनेछन् ।

९. यस समितिको संरचना हेरफेर वा परिवर्तन गर्नु परेमा परिस्थिति र आवश्यकतालाई अनुकूल हुने गरी वार्षिक सभाको सर्वसम्मतिद्वारा गरिनेछ ।

१०. सरकारले मण्डली दर्ताको निती नल्याएसम्म मण्डलीको चल–अचल सम्पतीहरू स्थानीय मण्डलीको अगुवाहरूको स्वामित्वमा रहनेछ ।

११. वार्षिक सभाको मिति समय अनुकूल हेरी समितिले तोक्नेछ ।

**बेथलेहेम मण्डली केन्द्रीय समितिको कर्तव्यहरू**

१. यस समितिको मुख्य काम सम्पूर्ण बेथलेहेम मण्डलीलाई एकतामा नेतृत्व गर्नु हो ।
२. मण्डलीको दर्शन बाँड्नु र यसअनुसार अगुवाइ गर्नु हो ।
३. मण्डलीमा आउने विशेष तत्कालीन समस्याहरूमाथि छलफल गरी निचोड निकाल्नु हो ।
४. मण्डलीको सामूहिक कार्य–योजना बनाउने र कार्यान्वयन गर्ने हो ।
५. मण्डलीको हितको लागि शिक्षा मिल्ने विभिन्न संस्थाहरू र अरू मण्डलीहरूसँग साझेदारी गर्ने हो ।
६. मण्डलीको आत्मिक तथा भौतिक खाँचोहरूको परिपूर्ति गरिदिने हो ।
७. मण्डलीका विभिन्न विधिहरू सञ्चालन र अगुवाहरू निर्माण र नियुक्ति गर्ने हो ।
८. मण्डलीको आर्थिक उन्नति र व्यवस्थापन गर्ने हो ।

**स्थानीय मण्डली सञ्चालक समिति**

१. यो प्रत्येक स्थानीय मण्डलीको पास्टरको अध्यक्षतामा गठन हुँदछ ।
२. यसका सदस्यहरू स्थानीय मण्डलीको सम्पूर्ण अभिषिक्त अगुवाहरू रहनेछन् ।
३. यसै समितिले मण्डलीको सम्पूर्ण प्रशासन सञ्चालन गर्नेछ ।
४. विशिष्ट वा विज्ञ व्यक्तिहरूलाई आवश्यक सल्लाहकारको रूपमा नियुक्त गरिनेछ ।
५. पारदर्शिताको लागि वार्षिक प्रतिवेदन स्थानीय मण्डली र केन्द्रीय भेलामा दिइनेछ ।
६. यही समितिभित्रबाट कोषाध्यक्षहरू नियुक्ति गरिनेछ ।

**स्थानीय मण्डली सञ्चालक समितिको जिम्मेवारी**

१. यस समितिको मुख्य काम स्थानीय मण्डलीलाई नेतृत्व गर्नु हो ।
२. मण्डलीको दर्शन बाँड्नु र यसअनुसार अगुवाइ गर्नु हो ।
३. मण्डलीमा आउने सामान्य समस्याहरूमाथि छलफल गरी समाधान गर्नु हो ।
४. मण्डलीको कार्य–योजना बनाउने र कार्यान्वयन गर्ने हो ।
५. मण्डलीको आत्मिक तथा भौतिक खाँचो परिपूर्ति गरिदिने हो ।
७. मण्डलीको पवित्र विधि र विविध विधि सञ्चालन गर्ने हो ।
८. मण्डलीको आर्थिक व्यवस्थापन र उन्नति गर्ने हो ।

# मण्डलीको अगुवाहरूको योग्यता, कर्तव्य र नियुक्ति

**डिकन तथा डिकनेसको योग्यताहरू**

१. मण्डलीको सदस्यता प्राप्त गरेको कम्तीमा २ वर्ष हुनुपर्दछ ।
२. पवित्र आत्मा र बुद्धिले भरिएका साथै मण्डलीमा सबैको आदर पाएको हुनुपर्दछ (प्रेरित ६:३) ।
३. धनको लोभ गर्ने र मद्य पिउने होइन, तर गम्भीर र विश्वासयोग्य हुनुपर्दछ (१तिमोथी ३:८,११) ।
४. मण्डली र समाजमा दोषरहित प्रमाणित भएको हुनुपर्दछ (१तिमोथी ३:९,१०) ।
५. एउटै पत्नीका पति वा पतिको पत्नी र आफ्नो परिवार राम्रो व्यवस्थापन गर्ने हुनुपर्दछ (१तिमोथी ३:१२) ।
६. मण्डलीको सेवा गर्नु नै ख्रीष्टको सेवा हो भन्ने भरोसा भएको हुनुपर्दछ (१तिमोथी ३:१३) ।

**डिकन तथा डिकनेसका कर्तव्यहरू**

१. डिकनको अर्थ विश्वासीहरूको सेवा र वास्ता गर्ने हो (प्रेरित ६:२) ।
२. डिकनको मुख्य कर्तव्य मण्डलीको भौतिक आवश्यकताको हेरचाह र व्यवस्थापन गर्नु हो ।
३. मण्डलीमा भएका वृद्ध–वृद्धा, विधुवा र नानीहरूको हेरचाह गर्ने हो ।
४. मण्डलीको आर्थिक तथा भौतिक सम्पत्तिको संरक्षण गर्ने हो ।
५. मण्डलीको पास्टर, एल्डरहरूलाई आत्मिक काममा सहायता गर्ने हो ।

## डिकन तथा डिकनेसको नियुक्ति/अभिषेक

१. माथि उल्लिखित सम्पूर्ण योग्यता भएको हुनुपर्नेछ ।

२. माथि उल्लिखित कर्तव्यबोध भएको हुनुपर्नेछ ।

३. स्थानीय मण्डलीको सञ्चालन समितिको सिफारिसमा योग्य व्यक्तिलाई नियुक्ति/अभिषेक गरिनेछ ।

४. मण्डलीमा आवश्यकता अनुसार योग्य व्यक्तिहरूलाई समितिले प्रस्ताव गरी नियुक्ति गरिनेछ ।

## पास्टर तथा एल्डरको योग्यता

### १. व्यक्तिगत योग्यताहरू

क. समझदार र संयमी हुनुपर्दछ (१तिमोथी ३:२) ।

ख. आफूलाई वशमा राखी अतिथिसत्कार र अरूलाई भलाइ र प्रेम गर्ने (१तिमोथी ३:२; तीतस १:८) हुनुपर्दछ ।

ग. हठी, झट्टै रिस गर्ने, मतवाला, झगडालु र धनको लोभ गर्ने होइन, तर दोषरहित हुनुपर्दछ (१तिमोथी ३:३; तीतस १:७) ।

### २. पारिवारिक योग्यताहरू

क. एउटै पत्नीका पति हुनुपर्दछ (१तिमोथी ३:२; तीतस १:६) ।

ख. परिवारलाई राम्रोसँग व्यवस्थापन गर्न सक्ने र आज्ञाकारी छोराछोरी हुनुपर्दछ (१तिमोथी ३:४; तीतस १:६) ।

### ३. सामाजिक योग्यताहरू

क. मण्डली बाहिरकाहरूका दृष्टिमा पनि विश्वासयोग्य ठहरिनुपर्दछ (१तिमोथी ३:७) ।

ख. झगडालु होइन, तर अतिथि सत्कार गर्ने र दयालु हुनुपर्दछ (२तिमोथी २:२४) ।

**४. सेवाको योग्यताहरू**

क. स्थानीय मण्डलीमा कम्तीमा दुई वर्ष डिकन वा अगुवाको रूपमा सेवा गरेको हुनुपर्दछ (१तिमोथी ३:६)।

ख. धनको लोभ र कसैको करकापमा होइन, तर स्वइच्छाले सेवा गर्ने चाहना भएको हुनुपर्दछ (१तिमोथी ३:१,३; १पत्रद्रस ५:२,३)।

ग. बाइबलको वचन बुझेको र असल तरिकाले सिकाउन सक्ने हुनुपर्दछ (१तिमोथी ३:२; २तिमोथी २:२४)।

घ. परमेश्वरको मण्डलीलाई असल तरिकाले व्यवस्थापन तथा सञ्चालन गर्न सक्ने हुनुपर्दछ (१तिमोथी ५:१७)।

ङ. पास्टरको हकमा कम्तीमा ३–५ महिनाको बाइबलीय अगुवापन तालिम प्राप्त गरेको हुनुपर्नेछ।

**पास्टर तथा एल्डरको कर्तव्यहरू**

१. परमेश्वरको बोलावटलाई स्वीकार गरी विश्वासीको बीचमा एक *असल गोठालोको* भूमिका निभाउने (यूहन्ना २१:१५–१७; १पत्रुस ५:२,३)।

२. मण्डली सञ्चालनको लागि *असल व्यवस्थापकको* भूमिका निभाउने (१तिमोथी ५:१७)।

३. मण्डलीलाई सही शिक्षा दिनको निम्ति *असल शिक्षकको* भूमिका निर्वाह गर्ने (१तिमोथी ३:२; तीतस १:९)।

४. मण्डलीको पवित्र विधिहरू र विभिन्न विधिको काम सञ्चालन गर्ने (मत्ती २६:१७–३०; २८:१९।

५. परमेश्वरको वचन प्रचार गरी चेला निर्माण गर्ने र सेवाको काम गर्न सन्तहरूलाई सुसज्जित गर्ने (प्रेरित ६:२; एफिसी ४:११,१२)।

६. एल्डरहरूले पास्टरको नेतृत्व र अनुमतिमा पास्टरले गर्ने सम्पूर्ण विधिहरू सञ्चालन गर्न सक्नेछन्।

**पास्टर तथा एल्डरहरूको नियुक्ति/अभिषेक**

१. माथि उल्लिखित सम्पूर्ण योग्यताहरू भएको हुनुपर्नेछ ।
२. माथि उल्लिखित कार्यहरूको बोध भएको हुनुपर्नेछ ।
३. यो सेवामा बोलावट भएको भन्ने कुरा मण्डली र स्वयम् व्यक्ति निश्चित हुनुपर्नेछ ।
४. मण्डली र केन्द्रीय समितिको सहमतिमा आवश्यक पास्टर तथा एल्डरहरू नियुक्ति गरिनेछ ।
५. पास्टरको हकमा कम्तीमा दुई वर्ष एल्डरको सेवा गरेको हुनुपर्नेछ ।
६. मण्डलीको आवश्यकता अनुसार सह–पास्टर तथा विभागीय (मिसन, मिसनरी, जवान) पास्टरहरू नियुक्ति गरिनेछ ।

# मण्डलीको सदस्यता र पुनर्स्थापना

**मण्डलीको सदस्यताको प्रावधान**

१. प्रभु येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाता भनी विश्वास गरी पानीको बप्तिस्मा लिई निरन्तर मण्डलीमा आउने व्यक्तिहरू मण्डलीको सदस्य हुनेछन् ।

२. अन्य मण्डलीमा बप्तिस्मा भएको, तर यस मण्डलीमा आउन चाहने व्यक्तिहरूलाई त्यस मण्डलीको पास्टरको सिफारिस वा अनुमतिअनुसार सदस्यता प्रदान गर्न सकिनेछ ।

३. मण्डलीको सदस्यले मण्डलीको पवित्र विधिमा भाग लिन र उनीहरूको विविध विधिहरू (जन्म, विवाह र मृत्यु) सञ्चालन गर्ने काम मण्डलीको अगुवाहरूले गरिदिनेछ ।

४. मण्डलीको सामूहिक कार्यक्रमहरूमा सहभागी हुन र यस विषयमा चासो राख्ने अधिकार सदस्यलाई हुनेछ ।

५. आफूमा भएको दान वरदान र खुबी प्रयोग गरी अरूलाई उत्साह र परमेश्वरको महिमा गर्न पाउनेछ ।

**मण्डलीको सदस्यहको कर्तव्यहरू**

१. परमेश्वरको वचन अनुसार उहाँको आराधना गर्न मण्डलीको सेवामा निरन्तर सहभागी हुने ।

२. घरेलु सङ्गति तथा अरू विभिन्न सङ्गतिहरूमा सक्रियताका साथ सहभागी हुने ।

३. इमानदारीपूर्वक परमेश्वरको भण्डारमा दसांश भेटी चढाउने ।

४. मण्डलीको हितको लागि स्थापना गरिएको विभिन्न कोषहरूमा सहभागी हुने ।

५. मण्डलीका सिद्धान्तहरू र परमेश्वरको वचनलाई इमानदार पूर्वक पालना गर्ने ।

७. मण्डलीको पास्टर अगुवाप्रति भद्र व्यवहार र भातृ प्रेममा जिउने ।

८. येशू ख्रीष्टको असल साक्षी भई उहाँको महान् आज्ञामा सहभागी हुने ।
९. मण्डलीको हितको लागि आफ्नो वरदानअनुसार मण्डलीको सेवामा सहायता गर्ने ।

**मण्डली अनुशासन तथा पुनर्स्थापना**

मण्डलीको पास्टर, एल्डर, डिकन/डिकनेस र मण्डलीको सदस्यता प्राप्त गरेका विश्वासीहरूले परमेश्वरको वचन वा माथि उल्लिखित आफ्नो योग्यता र कर्तव्यलाई अवहेलना गरी भङ्ग गरेमा उनीहरूलाई मण्डलीले कस्तो अनुशासन गर्ने र कसरी उनीहरूलाई पुनर्स्थापना गराउने ?

यो मण्डलीको एक ठूलो चुनौती हो । यो ठूलो चुनौती हुनुको मुख्य कारण मण्डलीमा अनुशासनप्रति गलत बुझाइ र प्रक्रिया प्रयोग गरेकोले पनि हुनसक्छ । हामी अरू मानिसहरूको न्याय गर्न धेरै मन पराउँछौं । क्षमा पाएको कारणले क्षमा लिन रूचाउँछौं, तर दिन चाहँदैनौ । हामी कोही पनि सिद्ध छैनौं । कुनै न कुनै क्षेत्रमा हामी चुकिराखेका हुन्छौं । संसारको पापको अन्त्य गर्नलाई येशू प्रभुले न्याय गर्नुभएन, तर क्षमा दिएर प्रेम गर्नुभयो । त्यसैले कसैले परमेश्वरको वचनको विरूद्ध पाप गरेमा हामी पनि येशू ख्रीष्टको प्रक्रियालाई प्रयोग गर्नेछौं । येशू ख्रीष्टले क्षमदानको विषयमा शिक्षा दिनु हुँदा उहाँले धेरै उदाहरणहरू दिनुभएको छ । त्यसैले हाम्रो अनुशासनको उद्देश्य न्याय गर्ने नभएर पुनर्स्थापना गर्ने हुनुपर्दछ ।

**पुनर्स्थापनाको प्रक्रिया**

१. कसैले परमेश्वर र मण्डलीको विरूद्धमा पाप गर्छ भने व्यक्तिगत रूपमा उसको दोष देखाइदिने (मत्ती **१८:१५**) ।
२. उसले स्वीकार नगरेमा मण्डलीको केही अगुवाहरूसहित गएर सम्झाउने (मत्ती **१८:१६**) ।

३. अगुवाहरूको सामू पनि स्वीकार नगरे मण्डलीको सामु ल्याउने (मत्ती १८:१७) ।
४. मण्डलीको सामु पनि उसले स्वीकार नगरे मण्डलीको सदस्यता खारेज गर्ने (मत्ती १८:१७) ।
५. उसले आफ्नो पाप स्वीकार गरेमा प्रेमसाथ पुनर्स्थापनाको प्रक्रियामा जाने ।
६. पुनर्स्थापनाको प्रक्रियामा उसलाई पश्चात्तापको लागि १–३ महिनाको समय दिने ।
७. पश्चात्तापको समय अवधिभरि मण्डलीको पवित्र विधिहरूमा सहभागी नगराउने ।
८. उसलाई प्रेमसाथ सङ्गतिमा अगाडि बढाउने र परिवारमा सङ्गति दिने ।
९. यो प्रक्रियामा भएको व्यक्तिले भेटी वा दसांश दिन चाहन्छ भने दिन सकिनेछ (मत्ती ५:२३–२४) ।
१०.अगुवाको हैसियतमा पटक पटक योग्यता र कर्तव्य विपरीत काम गरेमा उसको पदबाट खारेजी गरिनेछ, तर पछि उसले पश्चात्ताप गरेर परिवर्तन भएमा अवस्था हेरी पुन नियुक्ति गरिनेछ ।
११. कसैले नेपालको कानुन र समाजमा अस्वीकार्य पाप गरेमा कानुन र समाजले सजाय दिनेछ ।

# मण्डलीमा गरिने पवित्र विधिहरू

## प्रभु–भोज

प्रभु–भोजको सुरूवात ख्रीष्ट येशू स्वयम्‌ले गर्नुभयो । यो उहाँले निस्तार चाडको दिनमा गर्नुभएको थियो । यो निस्तार चाडको दिनमै शुरू गरिएको भए पनि यो निस्तार चाड होइन । यो शुरू गरेपछि उहाँले निस्तार चाड मनाउने आज्ञा दिनुभएन, तर प्रभु–भोज गर्ने आज्ञा दिनुभयो – ''मेरो सम्झनामा यो गर्ने गर ।'' प्रभु–भोजलाई उहाँले 'नयाँ करार' को रूपमा स्थापना गर्नुभयो । निस्तार चाड मिश्रबाट छुटकारा पाएको सम्झनामा मनाइन्थ्यो भने प्रभु–भोज ख्रीष्ट येशूको मृत्युको सम्झनामा गरिन्छ (प्रस्थान १२:१७; लूका २२:१९) । निस्तार चाड प्रभु येशूको मृत्युको छायाँ मात्र हो, तर वास्तविक निष्खोट थुमा ख्रीष्ट येशू आफै हुनुहुन्छ (१कोरिन्थी ५:७) । प्रभु–भोजमा प्रयोग गरिने रोटीले ख्रीष्टको शरीर र रसले उहाँको रगतको सङ्केत गर्दछ ।

**प्रभु–भोज किन गर्ने?**

यो प्रभु येशूले स्थापन गर्नुभएको पवित्र विधि र उहाँको आज्ञा हो (लूका २२:१९; १कोरिन्थी ११:२४,२५) । उहाँको मृत्युको घोषणा गर्नलाई यो गरिन्छ (१कोरिन्थी ११:२६) । यो ख्रीष्ट येशूको दोस्रो आगमनको निश्चयताको सम्झना पनि हो (मत्ती २६:१९) । यो ख्रीष्टको शरीर र रगतको सम्झनामा गरिने नयाँ करार हो (१कोरिन्थी ११:२६) । ख्रीष्ट येशू र मण्डलीको गहिरो सङ्गति र सम्बन्ध कायम गर्नलाई यो गरिन्छ । यसले मण्डलीलाई ख्रीष्टको शरीर हो भन्ने स्मरण गराउँछ र एकतामा रहन सहायता गर्छ । यो उहाँको दुःख र बलिदानको स्मरण गर्नलाई गरिनुपर्दछ ।

**प्रभु–भोजमा को सहभागी हुने र कसले सञ्चालन गर्ने ?**

यो शुरूमा ख्रीष्ट येशूले आफ्ना चेलाहरूसँग गर्नुभयो र पछि गएर उहाँका चेलाहरूले मण्डलीमा ख्रीष्टलाई विश्वास गर्ने विश्वासीहरूसँग गरे (मत्ती **२६:२०;** प्रेरित **२:४२**) । मण्डली वृद्धि हुँदै जाने क्रममा कतिले यसलाई भोजको रूपमा मात्र लिए भने कतिले चाहिँ यसको दुरूपयोग गरे । यसकारण पावलले यसलाई संवेदनशील भएर आफैलाई जाँचेर र ख्रीष्टलाई चिनेर मात्र लिने आज्ञा दिएका छन् (**१**कोरिन्थी **११:२८,२९**) । यो ख्रीष्टको मृत्युको सम्झनामा गरिने भएकोले ख्रीष्ट येशूलाई व्यक्तिगत रूपमा मुक्तिदाता भनी स्वीकार गरी मण्डलीको साक्षीको लागि पानीको बप्तिस्मा लिएको विश्वासीहरूले लिनु असल हुन्छ । कति मण्डलीमा बप्तिस्मा नभएका र बालबालिकहरूलाई पनि सहभागी गराउँछन्, तर यसलाई बाइबलले समर्थन गर्दैनन् ।

यसलाई विभिन्न मण्डलीहरूमा फरक फरक तरिका र व्यक्तिहरूले सञ्चालन गर्ने गर्दछन् । ख्रीष्ट येशूले दिनुभएको विधि र आज्ञा भएकोले मण्डलीको मुख्य अभिषिक्त पास्टर तथा अगुवाहरूले यसलाई सञ्चालन गर्नुपर्दछ । परिस्थितिलाई मध्यनजर गरी पास्टरको नेतृत्वमा झुण्डको मुख्य अगुवाहरूलाई पनि सञ्चालन गर्न दिन सकिन्छ ।

**प्रभु–भोज कसरी सञ्चालन गर्ने ?**

प्रभु–भोजको विधिलाई विभिन्न मण्डलीमा फरक फरक तरिकाले सञ्चालन गरिन्छ । कुनै मण्डलीमा महिनाको पहिलो र कुनैमा अन्तिम हप्ता गरिन्छ । कुनै मण्डलीमा प्रत्येक हप्ता भने कुनैमा वर्षमा एक पटक मात्र गरिन्छ । जसले जसरी गरे तापनि धेरैजसो मण्डलीले महिनाको पहिलो हप्ता वा महिनामा एक पटक गर्दै आएका छन् । प्राय मण्डलीले यो सङ्गतिको अन्तिम समयमा सञ्चालन गर्ने गर्दछन् ।

१. **मण्डलीलाई सम्बोधन गर्ने**: अब हामी येशू प्रभुले आज्ञा गर्नुभएअनुसार प्रभु–भोजमा सहभागी हुनेछौं । म प्रभुको सेवकको हैसियतले तपाईंहरू, पानीको बप्तिस्मा लिनुभएका र आत्मामा तयार रहनुभएका सबै जनालाई यसमा सहभागी हुन निमन्त्रणा गर्दछु । तयारीको लागि कुनै कोरस वा भजन गाएर पनि शुरू गर्न सकिन्छ ।

२. **बाइबलको खण्ड पढेर यसको अर्थ र उद्देश्य बताउनुहोस**: १कोरिन्थी ११:२३–३२; मर्कूस १४:२२–२४; लूका २२:१९–२०

३. **रोटी र रसको लागि प्रार्थना**:

४. **रोटी भाँच्ने**:"र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र भन्नुभयो, यो तिमीहरूका निम्ति मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर ।"
त्यसैगरी कचौरा लिएर भन्नुहोस्,"यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो । जहिले जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर ।"

५. **केही कोरस भजनहरू** गाउँदै रोटी र रस बाँड्नुहोस र सबैले एकसाथ लिनुहोस् । यो लिँदै खाँदै गर्दा पनि हुन्छ ।

६. **धन्यवाद**को प्रार्थना गर्नुहोस् ।

# पानीको बप्तिस्मा

पानीको बप्तिस्मा एक धार्मिक विधि हो जुन ख्रीष्ट येशू आफैले पनि यूहन्नाद्वारा पूरा गर्नुभयो (मत्ती ३:१३–१५) । बप्तिस्माको शाब्दिक अर्थ "पानीमुनि राख्नु वा डुबाउनु" हो । यसलाई भिजाउनु, शुद्ध गर्नु र पानी छर्कनु पनि भनिन्छ । यसको फरक फरक अर्थ लाग्ने भएकोले विभिन्न मण्डलीमा फरक फरक बप्तिस्मा दिने गरेको पाइन्छ । जसले जसरी दिए पनि यसको मुख्य अर्थ कुनै व्यक्तिको भित्री विश्वासलाई मण्डलीको अगाडि प्रकट गर्ने एउटा माध्यम हो । बप्तिस्माले ख्रीष्ट येशूको मृत्यु, चिहान, र बौरी उठाइलाई पनि सङ्केत गर्दछ । पुरानो स्वभावको खातिर, ख्रीष्ट येशूमा म मरें, उहाँसँगै गाडिएँ र उहाँमा नयाँ जीवन पाएँ भनी प्रतिज्ञा गर्नु हो (रोमी ६:३–४) ।

**पानीको बप्तिस्मा किन लिने ?**

बप्तिस्मा किन लिने भन्ने प्रश्नमा फरक फरक विचारहरू प्रस्तुत गरेका छन् । मुख्य प्रश्नचाहिँ यो हो, 'के मुक्ति पाउनलाई बप्तिस्मा लिनै पर्छ ?' तर बाइबलले यो स्पष्ट गर्छ कि मुक्तिको लागि विश्वास नै पर्याप्त छ । कुनै व्यक्तिले उसको जीवनको अन्तिम क्षणमा विश्वास गरे, तर बप्तिस्मा लिन पाएन भने उसको विश्वासले उसलाई बचाउँछ (लूका २३:४२,४३) । विश्वास नै पर्याप्त छ भने बप्तिस्मा किन लिने त? भन्ने प्रश्न पनि उठ्न सक्छ । बप्तिस्मा नलिए पनि उसले मुक्ति पाउँछ, तर यो एक धार्मिक विधिको रूपमा विभिन्न कारणहरूले गर्दछौं । यो धार्मिक विधि पूरा गर्न गरिन्छ (मत्ती ३:१५,१६) । ख्रीष्ट येशूको आज्ञा पूरा गर्नलाई यो गरिन्छ (मत्ती २८:१९) । यो शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो (१पत्रुस ३:२१) । यो मण्डलीको साक्षीको लागि गरिन्छ (रोमी ६:१–१४)।

**पानीको बप्तिस्मा कसलाई र कसले दिने ?**

यस विषयमा पनि विभिन्न मण्डलीमा फरक फरक विचार र प्रचलनहरू छन् । कतिले मण्डली आएको निश्चित हप्ता व महिनामा भन्छन् भने कसैले बप्तिस्मासम्बन्धी निश्चित कक्षाहरू लिएर दिनुपर्ने सल्लाह दिन्छन् । यसो गर्नु पनि मण्डलीको र त्यो व्यक्तिको लागि राम्रै हो, तर यदि कसैले विश्वास गरेकै दिन बप्तिस्मा लिन्छु भनेको खण्डमा हामीले रोकी राख्नु आवश्यक छैन (प्रेरित **२:२९–४१; ८:३४–३८; ९:१८; १६:३३**) । बप्तिस्मा लिनु भनेको उसको जीवनको खराब स्वभावलाई पानीमा गाड्नु र ख्रीष्ट येशूमा नयाँ जीवन जिउने प्रतिज्ञा गर्नु हो । प्रतिज्ञा गरिसकेपछि मात्र उसले नयाँ जीवन कसरी जीउने भनेर खोजी गर्छन् वा सिक्छन् । त्यसैले जसले ख्रीष्ट येशूलाई मुक्तिदाता भनेर स्वीकार गर्छन् उसले पानीको बप्तिस्मा लिन सक्छ । बालबालिकाको हकमा कानुनअनुसार **१६** वर्ष पुगेकालाई दिनु राम्रो, तर कसैले स्वइच्छाले लिन चाहन्छन् भने उमेर पर्खनै पर्छ भन्ने छैन । यो मण्डलीको अभिषिक्त जन वा पास्टरको नेतृत्वमा कुनै एक अगुवाले दिनु असल हुन्छ ।

**पानीको बप्तिस्मा कसरी दिने ?**

बप्तिस्मा लिनुभन्दा पहिले बप्तिस्मा के हो र किन लिने भन्ने विषयमा सिकाउनु राम्रो हुन्छ । पानी भएको ठाउँमा पानीमा डुबाउने, तर पानीको अभाव र कुनै बिरामीलाई पानीमा डुबाउन मिल्दैन भने पानी खन्याएर वा छर्केर पनि दिन सकिन्छ । कति जना पानीसँग डराउँछन्, त्यसैले ठूलो नदी वा पोखरीमा दिने हो भने पहिला सबैलाई सोध्नु राम्रो हुन्छ । फेर्ने लुगा र लगाएर डुब्ने लुगाहरूको बारेमा राम्रोसँग बताउने, विषेश गरी दिदी बहिनीहरूलाई ।

**बप्तिस्मा दिने कदमहरू :**

१. समुदायलाई सम्बोधन गर्नेः आज मिति ............ का दिन, हाम्रो र परमेश्वरको सामु उहाँले आफ्ना पापहरू स्वीकार गरी ख्रीष्ट येशूलाई आफ्नो मुक्तिदाताको रूपमा स्वीकार गर्नुभएको घोषणा गर्न र नयाँ जीवन जिउने प्रतिज्ञा गर्न आफ्नो स्वइच्छाले पानीको बप्तिस्मा लिन तयार हुनुभएको छ ।

२. शुरूको प्रार्थना गर्नुहोस् ।

३. परिस्थिति हेरेर केही भजनहरू गाउन सक्नुहुन्छ ।

४. बाइबलको कुनै खण्ड पढ्नुहोस्ः मर्कूस १:५–९; १६:१६; प्रेरित २:३८–४१; ८:१२–१६,३६–३८

५. बप्तिस्मा लिनेको लागि प्रार्थना गरिदिनुहोस् ।

६. अब पालै पालो बप्तिस्मा दिनुहोस्ः
*यो प्रश्न सोध्नुहोस्,* के यो बप्तिस्मा तपाईंको स्वइच्छाले लिन तयार हुनुहुन्छ ? त्यसपछि प्रार्थना गर्नुहोस् र नाक र आँखा बन्द गराएर पानीमा डुबाउनुहोस् ।

# मण्डलीमा गरिने विविध विधिहरू

## पास्टर, एल्डर र डिकनको नियुक्ति/अभिषेक

अभिषेकलाई कति मण्डलीले सामान्य तवरले लिन्छन् त कतिले गम्भीर रूपमा लिँदछन्। 'अभिषेक'को खास अर्थ धार्मिक विधिअनुसार "नियुक्त गर्नु, चुन्नु वा विशेष कामको लागि अलग गर्नु" हो। पुरानो करारमा पूजाहारीहरू, राजाहरू, र अगमवक्ताहरूलाई उनीहरूको सेवाको निम्ति अभिषेक गरिन्थ्यो । त्यस व्यक्तिलाई परमेश्वरको सेवाको निम्ति अलग गरिएको र परमेश्वरको आत्मा खन्याइएको सङ्केत वा चिन्हस्वरूप उसको शिरमा पवित्र तेल खन्याइन्थ्यो । त्यो व्यक्तिलाई जुन सेवाको लागि अभिषेक गरिएको हो, त्यस सेवाको निम्ति सम्पूर्ण कर्तव्य र अधिकार पनि सुम्पिदिन्थ्यो (प्रस्थान २८:४१; गन्ती ३:१–३; १राजा १:३९; १९:१६; २राजा ९:३) ।

नयाँ करारमा तेल नै खन्याएर कसैलाई परमेश्वरको सेवाको निम्ति अलग गरिएको पाइँदैनन् । पुरानो करारमा तेल खन्याएर अभिषेक गर्नुको अर्थ परमेश्वरको कामको निम्ति परमेश्वरको आत्मा उनमा खन्याइ तयार गरिएको सङ्केत पनि गर्दथ्यो (यशैया ६१:१; प्रेरित १०:३८) । प्रभु येशू ख्रीष्ट पवित्र आत्माबाट गर्भधारण भई जन्मनुभयो र मानिसको पाप छुटकारा दिने काममा अभिषेक हुनुभयो । उहाँले पानीको बप्तिस्मा लिनुभएपछि पवित्र आत्मा उहाँमा आउनुभयो (मत्ती ३:१६) । नयाँ करारमा अभिषेकलाई प्रायः हात राखेर प्रार्थना गरी "अलग र नियुक्ति" गरेको पाइन्छ (प्रेरित ६:६; १३:२; १४:२३) । यहाँ, परमेश्वरको सेवाको निम्ति प्रार्थना गरी आशिष् माग्दै नियुक्ति तथा सुम्पने काम गरेका छन् । त्यसैले तेल प्रयोग गर्नुपर्ने आवश्यकता छैन, तर प्रयोग गर्दा समस्या पनि छैन । मुख्य कुरो नियुक्ति हुने व्यक्तिमा परमेश्वरको बोलावट निश्चित हुनु आवश्यक छ । अभिषेकले उसलाई सेवामा नियुक्ति गर्ने होइन, तर उनको बोलवट र निश्चयतालाई मण्डलीको सामु चिनाउने आधिकारिक विधि मात्र हो ।

**१. कसलाई गर्ने?**

अभिषेकको निम्ति फरक सम्प्रदायहरूमा फरक तरिका र तहहरू छन्, तर नयाँ करारमा आएर प्रेरितहरू, एल्डर वा बिशपहरू र डिकनहरूलाई मात्र औपचारिक रूपमा नियुक्ति गरेको पाइन्छ। यी सबै सेवाको लागि स्वइच्छा परमेश्वरको बोलावट पाएर सेवा गर्न चाहनेहरूको लागि गरिएका छन्। 'पास्टर' शब्द पछिल्लो समयमा आएर चलाइएको हो जो एल्डरहरूमध्ये एक हुन्। कसलाई अभिषेक गर्ने भन्ने सवालमा यस निर्देशिकाको "मण्डलीको अगुवाहरूको योग्यता, कर्तव्य र नियुक्ति" शीर्षकमा हेर्न सकिन्छ।

**२. कसले गर्ने?**

अभिषेक गर्ने क्रममा बाइबलमा कुनै पनि अभिषिक्त पास्टरले नयाँ सेवकहरूलाई हात राखी सेवाको जिम्मा र आशिष् मागिदिने प्रचलन छन् (प्रेरित ६:६; १तिमोथी ४:१४) । हाम्रो मण्डलीमा आदरणीय तथा वरिष्ठ पास्टरले अरू सेवकहरूलाई अभिषेक गर्नेछन्।

**३. कसरी गर्ने?**

अभिषेक गर्ने तरिकाहरू विभिन्न छन्। कसैले यसलाई निश्चित समयमा निश्चित प्रक्रियाहरू पार गरेपछि मात्र गर्दछन्। कुनै व्यक्ति परमेश्वरको सेवाको निम्ति योग्य र तयार छ भने मण्डलीको आवश्यकता र सिफारिसअनुसार उसलाई विभिन्न समयमा अभिषेक गर्न सकिन्छ। यो साप्ताहिक सङ्गति या कुनै पनि सामूहिक कार्यक्रमको अवसर पारेर गर्न सकिन्छ। विषेश गरी स्थानीय मण्डलीको सदस्यहरूका उपस्थितिमा गर्नु असल हुन्छ। अभिषेकको कार्यक्रम वा विधिलाई निम्नअनुसार सञ्चालन गर्न सकिन्छ।

क. शुरूको प्रार्थनाः सबै सेवा अभिषेक भइसकेका अगुवाहरूले सञ्चालन गर्नु असल हुन्छ ।

ख. केही भजनहरू गाउनुहोस् : भजनहरू **३७५, ३५९, ३२६, ३३२, १५८,४७४** आदि ।

ग. समय भए स्तुति प्रशंसा गर्नुहोस् :

घ. प्रवचनः अभिषेक वा अगुवाको कर्तव्य बारे बोल्नुहोस् । **१शमूएल १६:१–१३; मर्कूस ३:१३–१५; प्रेरित ६:१–६; १तिमोथी ३:१–१६; १पत्रुस ५:१–४** आदि ।

## ४. पास्टर/एल्डर र डिकनहरूको लागि अभिषेक विधिः

***क. मण्डलीलाई सम्बोधनः*** आज हामी यस सुअवसरमा यस ................................ मण्डलीमा भेला भएका छौं । यो समय पास्टर/एल्डर/डिकन वा डिकनेसको सेवामा अभिषेक वा नियुक्त हुन श्री/श्रीमती /सुश्री ...................................... हाम्रो र जीवित परमेश्वरको उपस्थितिमा खडा हुनुभएको छ । म परमेश्वरको अभिषिक्त सेवक भएको नाताले आज म उहाँलाई अभिषेक गर्न गइरहेको छु ।

***ख. कर्तव्यहरू सम्झाउनुहोस्***

१. डिकन तथा डिकनेसका कर्तव्यहरू :

क. 'डिकन'को अर्थ टेबिलको सेवा वा सेवक हो (प्रेरित ६:२) ।

ख. डिकनको मुख्य कर्तव्य मण्डलीको भौतिक आवश्यकताको हेरचाह र व्यवस्थापन गर्नु हो ।

ग. मण्डलीमा भएको वृद्ध–वृद्धा, विधुवा र नानीहरूको हेरचाह गर्ने हो ।

घ. मण्डलीको आर्थिक तथा भौतिक सम्पत्तिको संरक्षण गर्ने हो ।

ङ. मण्डलीको पास्टर, एल्डरहरूलाई आत्मिक काममा सहायता गर्ने हो ।

२ पास्टर तथा एल्डरका कर्तव्यहरू

क. परमेश्वरको बोलावटलाई स्वीकार गरी विश्वासीको बीचमा एक असल गोठालोको भूमिका निभाउने (यूहन्ना **२१:१५–१७; १पत्रुस ५:२,३**)।

ख. मण्डली सञ्चालनको लागि असल व्यवस्थापकको भूमिका निभाउने (**१**तिमोथी **५:१७**)।

ग. मण्डलीलाई सही शिक्षा दिनको निम्ति असल शिक्षकको भूमिका निर्वाह गर्ने (**१**तिमोथी **३:२**; तीतस **१:९**)।

घ. मण्डलीको पवित्र विधिहरू र विभिन्न विधिको काम सञ्चालन गर्ने (मत्ती **२६:१७–३०; २८:१९**)।

ङ. परमेश्वरको वचन प्रचार गरी चेला निर्माण गर्ने र सेवाको काम गर्न सन्तहरूलाई सुसज्जित पार्ने हो (प्रेरित **६:२**; एफिसी **४:११,१२**)।

च. एल्डरहरूले पास्टरको नेतृत्व र अनुमतिमा पास्टरले गर्ने सम्पूर्ण विधिहरू सञ्चालन गर्न सक्नेछन्।

***ग. प्रश्नहरू सोध्नुहोस्***

१. परमेश्वरले तपाईं ........................................ लाई पास्टर/एल्डर/ डिकनको सेवाको लागि बोलाउनु भएको हो भनी के तपाईं निश्चित हुनुहुन्छ?

२. के तपाईं परमेश्वरको सेवाको निम्ति तपाईंले पूरा गर्नु पर्ने कर्तव्यहरू इमानदारसाथ पूरा गर्न तयार हुनुहुन्छ?

३. के तपाईं सतावटमा, अभावमा पनि प्रभुमा समर्पित भई यो सेवामा निरन्तर लागिरहनुहुन्छ?

४. के तपाईंले विधवा, धनी, गरिब, अनाथ, र रोगीहरूलाई समान व्यवहार र हेरचाह गर्नुहुन्छ?

***घ. अभिषेकको प्रतिज्ञा:*** आजा मिति ...................... का दिन देखि म .............................. ख्रीष्ट येशूको बोलवट अनुसार यस ......................... मण्डली र ख्रीष्टको सेवा गर्नको निम्ति पास्टर/एल्डर/डिकन/डिकनेस को सेवामा नियुक्ति भएको छु। यो सेवामा मलाई परमेश्वरले बोलवट दिएको कुरामा म निश्चित छु, त्यसैले प्रसस्ततामा, अभावमा र सतावटमा पनि प्रभुमा समर्पित भई मण्डलीको निम्ति एक उदहारण बन्दै, मैले गर्नु पर्ने मेरो सम्पूर्ण कर्तव्यहरू इमानदारसाथ पूरा गर्नेछु भनि प्रतिज्ञा गर्दछु, अमिन।

***ङ. अभिषेक र प्रार्थना गरिदिने:*** तेल लगाएर हात राखी अभिषेक गर्न सकिन्छ।

***च. मण्डलीको सामु चिनाउने वा पदको घोषणा गर्ने ।***

***छ. अभिषेक प्रमाणपत्र प्रदान गर्ने ।***

***ज. अन्तिम आशिष्‌को प्रार्थना गर्ने ।***

# बाल अर्पण तथा नामाकरण विधि

नानी–बाबुहरूको नाम राख्ने विषयमा विभिन्न मण्डलीमा फरक–फरक विचार र तरिकाहरू छन् । कसैले एकै पटक अर्पण गर्छन् भने कसैले जन्मेको केही दिनमा प्रार्थना गरेर नाम राख्ने गर्छन् । दुवै तरिकाहरूलाई गलत भन्न मिल्दैन । पुरानो करारमा जन्मने बित्तिकै त्यसको नाम दिएका घटनाहरू र छोरीलाई १४ दिनमा र छोरालाई ८ दिनमा अर्पण गर्ने गर्थे (उत्पत्ति २१:४; १शमूएल १:२१–२४) । येशू ख्रीष्टलाई पनि पुरानो करारको चोख्याउने विधिअनुसार ८ दिनमै अर्पण गरे र नाम राखे, जुन नाम स्वर्गदूतले उहाँ गर्भमा हुनु हुँदा नै दिएका थिए (लूका २:२१–२४) । येशू ख्रीष्टको मृत्युले सबै अशुद्धतालाई शुद्ध पारिसकेको कारण अब पुरानै विधिअनुसार गर्नु आवश्यक छैन । त्यसैले जन्मेको केही दिनमा नाम राखेर केही महिनापछि अर्पणको प्रार्थना गरे पनि हुन्छ वा जन्मेको केही दिन पछि अर्पण र नाम राख्ने काम गरे पनि हुन्छ । कति दिनमा वा निश्चित दिनमै अर्पण गर्नुपर्छ भन्ने छैन ।

### १. किन गर्ने ?

हरेक मानिसलाई परमेश्वरले नै सृष्टि गर्नुहुन्छ । परमेश्वरले नै सबै बाल–बालिकालाई सृष्टि गर्नु भएकोले उहाँलाई अर्पण गर्नु र प्रार्थना गरेर नाम राख्नु असल कुरा हो (भजन १२७:३) । येशू ख्रीष्टले पनि बालकहरूलाई उहाँकहाँ आउन दिने आज्ञा गर्नुभयो (मत्ती १९:१३–१५)।

### २. कसले गर्ने?

पुरानो करारमा मन्दिरमा पूजाहारीहरूले नाम दिने गर्ने गर्दथे । त्यसैले पास्टर तथा कुनै अभिषेक भएको अगुवाले नाम राख्नु असल हो । नाम राख्ने काम घरमै गरेर मण्डलीमा सबै विश्वासीको सामु अर्पणको प्रार्थना गर्नु पनि असल हुन्छ ।

### ३. कसरी गर्ने?

**नाम राख्ने बेलाः** कुनै कोरस र जीवनको बारेमा वर्णन गरेको भजनहरू गाउने । त्यसपछि वचनबाट सिकाउने : (भजन **१२७;** प्रस्थान **२:१–१०;** लूका **१:५६–६६**) । त्यसपछि नाम के राख्ने भनेर अभिभावक र परिवारहरूसँग सोध्नुहोस् । यदि उनीहरूसँग नाम छैन भने नामहरू दिनुहोस् र निचोडमा आउनुहोस् । त्यसपछि नानी पास्टरले लिएर प्रार्थना गर्नुहोस् र नानीको नाम पनि घोषणा गर्नुहोस्। अर्पण गरिएको त्यस नानीलाई परमेश्वरको प्रेम र अनुग्रहमा हुर्काउन अभिभावकलाई अनुरोध गर्नुस् र बधाइ दिनुहोस् ।

**अर्पणको बेलाः** सङ्गतिको कुनै पनि समयमा यो गर्न सक्नुहुन्छ । बाइबलबाट अर्पण सम्बन्धी कुनै खण्ड पढ्नुहोस् । त्यसपछि अभिभावकलाई निम्न प्रश्नहरू सोध्नुहोस्ः

क. के तपाईंहरू यस बालक/बालिकालाई परमेश्वरको वचनअनुसार जिउन र परमेश्वरसँग सङ्गति गर्न सिकाउन तयार हुनुहुन्छ ?

ख. के उसको अघि तपाईंहरू पवित्र र उदाहरणीय जीवन जिउनुहुन्छ?

ग. के यो नानीलाई परमेश्वरको बोलावट अनुसार सेवा गर्न दिन तयार हुनुहुन्छ ?

घ. बालकलाई पास्टरको हातमा लिएर अर्पणको प्रार्थना गर्नुहोस् ।

ङ. धन्यवाद दिँदै बालकलाई फिर्ता दिनुहोस् ।

## विवाहको लागि पवित्र मगनी

बाइबलमा 'मगनी' शब्द योसेफ र मरियमको विषयमा मात्र पाउँदछौं (मत्ती १:१८; लूका १:२८), तर पुरानो करारमा खोज्न वा माग्न गएको घटनाहरू भने पाइन्छ । अब्राहामले आफ्नो नोकरलाई इसहाकको लागि खोज्न पठाएको र याकूब आफै खोज्न गएका छन् (उत्पत्ति २४:१–६७; २८:१–६) ।

योसेफ र मरियमबीच मगनी भएको थियो । यो समयमा यहूदी परम्परा अनुसार केटाको उमेर १८–२४ र केटीको उमेर १२.५ वर्ष पुगेको हुनुपर्दथ्यो । उनीहरूको लागि यो कानुनी सम्झौता थियो त्यसको लागि कम्तीमा २ जना साक्षीहरू चाहिन्थ्यो । मगनी गरेर १ वर्षपछि विवाह हुन्थ्यो, तर मगनी पछि विवाह भएन भने त्यो स्त्री विधुवामा गनिन्थे । मरियम र योसेफको मगनीको घटनाबाट हामीले निम्न कुराहरू सिक्न सक्दछौंः

१. मगनी सामाजिक रूपमा हुनुपर्दछ ।
२. मगनी केटाकेटी र परिवारको मन्जुरीमा हुनुपर्दछ ।
३. मगनी हुनु वा विवाहअघि दुवै जना पवित्र र एउटै विश्वास वा धर्ममा हुनुपर्दछ ।

यी तीन शिद्धान्तहरूलाई आधार मान्दै हाम्रो मण्डलीमा विवाहको निम्ति मगनी गरिने चलन छ । मगनीको निम्ति विवाह गर्ने पुरूष र स्त्री दुबैजनाले आफ्नो मन्जुरीनाम सहितको मगनी तथा विवाहको निम्ति निवेदान दिनुपर्ने हुन्छ । त्यस निवेदानको आधारमा मण्डलीले मगनी तथा विवाह दिइनेछ । त्यो निवेदानमा मण्डलीले तोकेको दस्तुर रका स्वरूप बुझाउनु पर्नेछ जुन रकम विवाहको प्रमाण–पत्र छपाउन र अरू विभिन्न काममा खर्च गरिने छ ।

### १. कसले गरिदिने?

यो एक सामाजिक सेवा वा विधि भएकोले एक अनुभवी पास्टरले गर्नु असल कुरा हो, तर परिस्थितिलाई हेरेर कुनै पनि अभिषिक्त पास्टर तथा एल्डरहरूले पनि गर्न सकिन्छ ।

## २. कसरी गर्ने?

### क. मगनीको सङ्गतिः

१. मण्डलीलाई सम्बोधनः आज मिति ...................गतेका दिन हामी श्री ............................ र सुश्री ........................... बीचमा पवित्र मगनी हुन गइरहेकोले हामी यहाँ साक्षीको लागि उपस्थित भएका छौं ।

२. कोरस २९ (अरू पनि गाउन सकिन्छ) ।

३. शुरूको प्रार्थनाः

४. भजनः ८९ स्तुति होस् प्रभु ख्रीष्टको ..... (अरू पनि गाउन सकिन्छ) ।

५. प्रवचनः मत्ती १:१८,१९ र लूका १:३०–३४; हिब्रू १३:४; उत्पत्ति २४:१–६७

### ख. मगनीको विधिः

१. पास्टरले फेरि मण्डलीलाई सम्बोधनः आज मिति .....................गतेका दिन हामी श्री ............................. र सुश्री ............................का बीचमा पवित्र मगनी हुन गइरहेकोले हामी यहाँ परमेश्वरको उपस्थितिमा साक्षीको लागि उपस्थित भएका छौं ।

२. केटा र केटीलाई निवेदन पढ्न लगाउनेः यी दुई जनाले मण्डलीलाई विवाह तथा मगनी दिने बारे लेखेको निवेदन उहाँहरूलाई वाचन गरिदिनु अनुरोध गर्दछु । (यो पास्टर आफैले पनि पढ्न सकिन्छ) ।

३. अभिभावकलाई प्रश्न सोध्ने (दुवै पक्षलाई पालै पालो सोध्ने):

क. तपाईंहरू के श्री................................. र सुश्री ................................ले पवित्र विवाह र मगनीको लागि दिएको निवेदनसँग सहमत हुनुहुन्छ र स्वीकार गर्नुहुन्छ ?

ख. तपाईंहरू के श्री/सुश्री ........................ ले सुश्री/श्री ......................... सँग पवित्र विवाहको बन्धनमा बाँधिनको लागि मगनी गर्न खुसीसाथ अनुमति दिनुहुन्छ ?

४. केटा, केटी र अभिभावकलाई प्रश्न सोध्ने:

अहिले तपाईंहरू जीवित परमेश्वर र यतिका साक्षीहरूका उपस्थितिमा हुनुहुन्छ । अब म प्रभु र मण्डलीको एक सेवकको नाताले तपाईंहरूलाई केही प्रश्नहरू सोध्नेछु र तपाईंहरूले तिनको जवाफ डर नमानी, करकापमा नपरी, इमानदारसाथ दिनुहोस् । यो जवाफ र प्रतिज्ञालाई भङ्ग नगर्नुहोस् भनी म तपाईंहरूलाई आज्ञा पनि गर्दछु ।

क. के तपाईं कसैको करकापमा नपरी आफ्नै स्वइच्छाले, सुश्री/श्री ............................ सँग पवित्र विवाहको बन्धनमा बाँधिनका लागि यस मगनी गर्न राजी हुनुहुन्छ?

ख. के तपाईंले उनी/उहाँबाहेक अरू कसैलाई विवाह गर्छु भनी प्रतिज्ञा गर्नु भएको छ ?

ग. के तपाईं पवित्र विवाहको निम्ति विवाहको दिनसम्म पवित्र र स्थिर रहन तयार हुनुहुन्छ ?

घ. दुवै अभिभावकलाई: भाइको/बहिनीकी अभिभावकलाई म यो प्रश्न गर्न चाहन्छु । के तपाईं यी दुई जनाले दिएको उत्तरहरू साँचो हो भनी स्वीकार गर्नुहुन्छ ?

५. बहिनीलाई सौगत छुन लगाउने: (उत्पत्ती २४:१०)

६. चिन्ह/चिनो साटासाट: तपाईंहरूसँग विवाहसम्मको लागि पवित्र मगनी भएको प्रतिज्ञालाई सम्झना गर्न केही चिन्ह ल्याउनुभएको छ भने मलाई दिनुहोस् ।

७. चिन्हको लागि प्रार्थना गर्ने र हातमा दिन लगाउने : औंठी छ भने आफैले लगाउँछन्

८. घुँडा टेकाएर प्रार्थना गरिदिनेः

९. विवाहको मिति तोक्नेः .......................

१०. अन्तिम चुनौतीः हिब्रू **१३:४** पढ्ने, म एक प्रभुको र मण्डलीको सेवकको हैसियतले तपाईं दुवै जनालई यो आज्ञा गर्दछु कि, विवाहको दिनसम्म एक अर्काको पवित्रतालाई ध्यानमा राखी कसैलाई दोष लगाउन नदिनुहोस्। तपाईं दुई जना मात्र एकान्तमा नभेट्नुहोस्। विवाहको तयारी गर्दा कुनै अभिभावकको साथमा वा जानकारी दिएर मात्र भेटघाट गर्नुहोस्।

११. अन्तिम प्रार्थनाः

१२. आफन्तहरूलाई परिचय गराउनेः

# पवित्र विवाह

संसारमा मानिस जन्मेपछि विवाह गर्ने प्रचलन सबैले देखेका छन् र गर्दै आएका पनि छन् । धेरैले विवाहमा परमेश्वरको योजना र उद्देश्यलाई नबुझी प्रवेश गर्छन् र धेरै समस्यामा पर्दछन् । आज संसारमा धेरै समस्याहरू छन् ती समस्याहरूका जड विवाहको अर्थ र उद्देश्यलाई नबुझेको कारणले उत्पन्न भएको हो । विवाह परमेश्वरले स्थापना गर्नुभयो (उत्पत्ति २:१८) । विवाहको लागि परमेश्वरको योजना खोज्नु अति महत्त्वपूर्ण छ । धेरैले विवाहलाई मानिसको चाहना पूरा गर्ने दृष्टिले हेर्छन् । विवाह एक पटक वा एक जनासँग मात्र हुनुपर्दछ (उत्पत्ति २:१८) । मानिस एकलो रहन असल छैन । विवाह गर्नु अति असल कुरो हो, तर एउटासँग मात्र गर्नुपर्दछ ।  संसारमा पाप शुरू भयो त्यसपछि मानिसले परमेश्वरको योजनलाई भङ्ग गरेर आफ्नो इच्छाअनुसार धेरैजनासँग विवाह गर्न थाले । जब धेरै जनासँग विवाह गर्न थाले तब मानिसको बीचमा झैझगडा, फाटो, दुस्मनी, चोरी डकैती बढ्न थाल्यो । विवाहमा सुहाउँदो जोडी (सहयोगी) हुनुपर्दछ (उत्पत्ति २:१८) । सुहाउँदो सहयोगीले हरेक परिस्थितिमा सघाउने काम गर्दछ । सुहाउँदो भन्नाले, शारीरिक, आत्मिक, आर्थिक, शैक्षिक, सांस्कृतिक र भौगोलिक क्षेत्रहरू मिल्दोजुल्दो हुनु आवश्यक छ ।

### १. विवाहको उद्देश्यः

विवाह परमेश्वरले स्थापना गर्नुभएको कारण पवित्र हुनुपर्दछ (हिब्रू १३:४) । यसको उद्देश्य दुःख–सुखमा एकअर्कालाई सहायता गर्न (उपदेशक ४:९–१२), सृष्टिलाई कायम राख्न (उत्पत्ति १:२८) र यौन इच्छा पूरा गर्नु हो (१कोरिन्थी ७:२–५,९) । यौनलाई परमेश्वरले सृष्टि गर्नुभयो, तर यो विवाहपछि श्रीमान् श्रीमतीको बीचमा मात्र प्रयोग गर्ने अनुमति दिनुभएको छ, त्यसैले विवाह पवित्र हुनुपर्दछ ।

**२. पवित्र विवाह कसको र कसले गरिदिने?**

पवित्र विवाहको लागि केटा केटी दुवैजना ख्रीष्टियान र पवित्र हुनुपर्दछ । दुवै जनाको नेपालको कानुनअनुसार उमेर पुगेको र अभिभावकले अनुमति दिएको हुनुपर्दछ । विवाह समाजमा एक महत्त्वपूर्ण र आदरणीय विधि हो । त्यसैले यो विधि एक अभिषिक्त आदरणीय वा वरिष्ठ पास्टरले गर्नु राम्रो हुन्छ, तर परिस्थिति हेरेर वरिष्ठ पास्टरको सिफारिसमा अरू कुनै पास्टरहरूले पनि गरिदिन सकिन्छ ।

**३. पवित्र विवाह कसरी गर्ने ?**

**क. विवाह सङ्गति/कार्यक्रम :**

१. कोरसहरू गाउन सकिन्छ :

२. दुलहाको आगमन : कुनै भजन गाउँदा हुन्छ ।

३. शुरूको प्रार्थनाः

४. दुलहीको आगमन : भजन ५०२ गाउँदा राम्रो

५. समय भएसम्म केही थप भजनहरू गाउन सकिन्छ

६. प्रवचनः कुनै मण्डलीमा विवाहको विधिपछि वचन बाँड्छन्, तर विवाहअघि वचन दिनु राम्रो हुन्छ । विवाहपछि विवाहमा सहभागी तथा दुलाह दुलहीले ध्यान दिएर सुन्दैनन् । बाइबल खण्डहरूः (उत्पत्ति २:१८–२४; एफिसी ५:२१–३३; हिब्रू १३:४) ।

**ख. विवाहको विधिः**

*१. अतिथिहरूलाई सम्बोधन :* (दुलहा र दुलहीलाई पास्टरको सामु खडा गराउने) ।

यी दुवै जनालाई पवित्र विवाहमा एकैसाथ मिलाउनका लागि परमेश्वरको साथमा हामीहरू पनि साक्षीको रूपमा जम्मा भएका छौं ।

विवाह परमेश्वरले स्थापना गर्नुभएको एक पवित्र विधि हो भनी बाइबलले हामीलाई सिकाउँदछ र परमेश्वरले भन्नुभयो, "मानिस एक्लो रहन असल छैन । म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु" (उत्पत्ति २:१८) । येशू प्रभुले पनि पहिलो आश्चर्यकर्म गालीलको काना नगरमा भएको एक विवाहमा गर्नुभएको थियो । उहाँले विवाहलाई एक पवित्र र महत्त्वपूर्ण कार्यको रूपमा आदर दिनुभयो। येशू प्रभुले आफूलाई दुलहा र मण्डलीलाई दुलहीको प्रतीक पनि दिनुभएको छ । परमेश्वरको सृष्टिमा पहिलो मानिस, आदम र स्त्री हव्वालाई बनाउनुभयो । परमेश्वरले मानिसलाई भूमिको माटोबाट बनाउनुभयो भने स्त्रीलाई मानिसको करङहरू मध्ये एकबाट बनाउनुभयो । परमेश्वरले आदमको करङबाट स्त्री बनाउनुको मुख्य उद्देश्य स्त्रीले पुरूषलाई आफ्नो शिर ठानी आदर गरोस् र पुरूषले स्त्रीलाई आफ्नै शरीर ठानी आफैलाई जस्तो प्रेम गरून् भनेर हो । परमेश्वरले श्रीमान् र श्रीमतीलाई "...तिनीहरू एउटै शरीर हुन्छन्" भन्नुभएको छ (उत्पत्ति २:२४) ।

*२. दुलहा र दुलहीलाई मैन बत्ती बाल्न लागाउने:* यसको अर्थ पछि बताउने ।

*३. उपस्थित समुदायलाई प्रश्न:*

यी दुई जना पवित्र विवाहको बन्धनमा बाँधिएर एक हुन चाहन्छन् । यहाँ उपस्थित, तपाईंहरू कसैसँग यी दुई व्यक्तिहरू पवित्र बन्धनमा बाँधिन नसक्ने कुनै न्यायोचित कारणहरू छन् भने यो समय तपाईंहरूले स्पष्ट प्रामाणसहित पेस गर्न सक्नुहुन्छ । छैन भने यी दुईको विवाहपछि उनीहरूको विरूद्धमा केही बोल्न पाइनेछैन र सधैंको निम्ति चुप रहोस् ।

*४. अभिभावकलाई प्रश्न :*

क. आजको दुलहाको/दुलहीको अभिभावक श्रीमान्/श्रीमती ........................................................ तपाईंको छोरा/छोरी श्री/सुश्री ................................................ ले सुश्री/श्री ........................................... सँग गर्न लागेको विवाह बन्धनलाई के तपाईं परमेश्वरको योजना र इच्छाअनुसार नै हो भनी स्वीकार गर्न तयार हुनुहुन्छ ?

ख. के तपाईंहरूको छोरो/छोरी श्री/सुश्री .................................. ले विवाह गर्न लागेको सुश्री/श्री .............................. लाई बुहारीकी/ज्वाइँको रूपमा स्वीकार गर्न तयार हुनुहुन्छ ?

ग. के तपाईंहरू यिनीहरू एकअर्काको निम्ति सृष्टि गरिएको कारण अब परमेश्वरको समय आएको हो र यिनीहरू दुवै परमेश्वरको दृष्टिमा पवित्र जीवन जिएका छन् भन्ने कुरामा पक्का हुनुहुन्छ ?

*५. दुलहीलाई दुलहाको हातमा दिने :*

तपाईंहरू सहमत हुनुहुन्छ भने, कसले यस स्त्रीलाई यस पुरूषको हातमा दिने ? स्त्रीको कुनै अभिभावकले उत्तर दिनेछन् र दुलहाको हातमा हात दिन लगाउने ।

*६. दुलहा/दुलहीलाई प्रश्न पालैपालो प्रश्न गर्ने:*

हामी सबै अहिले जीवित परमेश्वरको उपस्थितिमा छौं । उहाँले सबै मानिसको हृदयका गोप्य कुराहरू जान्नुहुन्छ । यो समय म आजको दुलहा र दुलहीलाई केही प्रश्नहरू सोध्नेछु । तपाईंहरू परमेश्वर र यतिका साक्षीहरूका सामु इमानदार भएर प्रश्नको उत्तर दिनुहोस् र प्रतिज्ञा गर्नुहोस् ।

क. श्री/सुश्री ................................ के तपाईं यस स्त्री/पुरूष, सुश्री/श्री ..................... लाई आफ्नै स्वइच्छाले विवाह गर्न तयार हुनुहुन्छ?

ख. श्री/सुश्री ...............................के तपाईं यस स्त्री/पुरूष, सुश्री/श्री ..................... लाई आफ्नो विवाहिता पत्नी/पति भनी स्वीकार गर्नुहुन्छ र यस पवित्र बन्धनमा रहिरहन स्वीकार गर्नुहुन्छ ?

ग. के तपाइले यिनलाई निरोगी वा रोगी अवस्थामा, सुखमा वा दुःखमा, अभावमा वा प्रशस्तामा सबै समस्याहरूलाई बिर्सेर मृत्युले तपाईं दुवैलाई अलग नगरेसम्म प्रेम, आदर, वास्ता र सान्त्वना दिइरहनुहुन्छ ?

७. *दुलहालाई प्रतिज्ञा गराउने:* (यस बेला सबैलाई उठाउने)
म श्री.....................................ले तिमी सुश्री................ लाई आजको दिनदेखि उसो निरोगी वा रोगी अवस्थामा, सुखमा वा दुःखमा, अभावमा वा प्रशस्ततामा प्रेम गर्न र सहायता गर्नका लागि विवाहिता पत्नीको रूपमा स्वीकार गर्दछु । मृत्युले हामी दुवैलाई अलग नगरेसम्म म तिमीलाई परमेश्वरको वचनअनुसार प्रेम, आदर र वास्ता गरी नै रहनेछु भनी प्रतिज्ञा गर्दछु ।

८. *दुलहीलाई प्रतिज्ञा गराउने:*
म सुश्री .................... ले तपाईं श्री ................................ लाई आजको दिनदेखि उसो निरोगी वा रोगी अवस्थामा, सुखमा वा दुःखमा, अभावमा वा प्रशस्ततामा प्रेम गर्न र सहायता गर्नका लागि विवाहिता पतिको रूपमा स्वीकार गर्दछु । मृत्युले हामी दुवैलाई अलग नगरेसम्म म तपाईंलाई परमेश्वरको वचनअनुसार प्रेम, आदर र वास्ता गरी नै रहनेछु भनी प्रतिज्ञा गर्दछु ।

९. *चिनो साट्नेः*

यदि तपाईंहरूले विवाहको चिनो स्वरूप दिन चाहनुहुन्छ भने यो समय दिन सक्नुहुन्छ। तपाईंहरूले चिनोस्वरूप एकअर्काको निम्ति औँठी ल्याउनुभएको छ भने त्यो चिनो मलाई दिनुहोस र हामी प्रार्थना गर्नेछौं (औँठीको अर्थ सबैलाई बताउनुहोस्) ।

क. दुलहाले प्रतिज्ञाको साथमा दुलहीलाई औँठी लगाइदिनेः यस चिन्हका साथ म तिमीलाई विवाह गर्दछु र मेरो तन, मन र धन–सम्पत्ति तिमीलाई दिँदछु भनी पिता, पुत्र र पवित्र आत्माको नाममा प्रतिज्ञा गर्दछु ।

ख. दुलहीले प्रतिज्ञाको साथमा दुलहालाई औँठी लगाइदिनेः यस चिन्हका साथ म तपाईंसँग विवाह गर्दछु र तपाईंलाई आदर र प्रेम दिइरहनेछु भनी पिता, पुत्र र पवित्र आत्माको नाममा प्रतिज्ञा गर्दछु ।

१०. *दुलहालाई घुम्टो खोल्न लगाउने* : सबैलाई दुलही देखाउने ।

११. *दुवैलाई मैन बत्ती बाल्न लगाउनेः* 'अब दुई होइन एक भएको छ' भनी घोषणा गर्ने।

१२. *श्रीमान्/श्रीमतीको घोषणा गर्नेः*

आज पवित्र परमेश्वर र मण्डलीको उपस्थितिमा अघि यी दुई, पुरूष, ........................... र स्त्री .............................. ले एक अपासमा करार बाँधी एकअर्कासँग पवित्र विवाहको बन्धनमा बाँधिएको प्रमाण दिएका छन् । यसकारण ख्रीष्ट येशूको सेवकको हैसियतले उहाँले दिनुभएको अधिकारमा यी दुई जनालाई परमेश्वर पिता, पुत्र र पवित्र आत्माको नाममा विवाहिता श्रीमान् र श्रीमती (पति र पत्नी) भनी घोषणा गर्दछु । "जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, उनीहरूलाई कसैले पनि नछुट्याओस्" (मत्ती १९:६)। आमेन ।

१३. *विवाहको प्रमाणपत्रमा हस्ताक्षर गराउने र प्रदान गर्नेः*

१४. *आशीर्वादको प्रार्थना गरिदिनेः* सम्भव भए दुवैलाई हात समातेर घुँडा टेकाउने ।

१५. *अन्तिम आज्ञा वा चुनौतीहरू दिनेः*

श्रीमान्/श्रीमतीलाई एकअर्काको हात समात्नलाई आज्ञा गर्ने र भन्ने । अब मलाई तपाईंहरूको निम्ति अन्तिम आज्ञा दिन अनुमति दिनुहोस् । तपाईंहरूले आफ्नो वैवाहिक जीवनमा आनन्दको आशा राख्नुहुन्छ भने, एकअर्कासँग गरिएका यी प्रतिज्ञाहरूमा इमानदार हुनुहोस् भनी म तपाईंहरू दुवैलाई आज्ञा गर्दछु । आजैदेखि आफ्नो वैवाहिक जीवनमा गहन जिम्मेवारीहरूसहित तपाईंहरूले नयाँ जीवन शुरू गर्नुहोस् ।

श्रीमान् ................................, यी तपाईंकी श्रीमतीलाई सुरक्षा गर्नुहोस् । उनले आफूलाई तपाईंको हेरचाहमा सुम्पिएकी छिन्, र प्रभुमा जिउने क्रममा तपाईंको कुनै पनि शब्द वा व्यावहारले तिनकी आँखीभौलाई दुःखले नछोपोस् वा तिनका आँखाहरू आँसुले धमिला नपारिऊन् ।

श्रीमती, ................................. , परमेश्वरको अनुग्रहद्वारा तपाईंले जित्नुभएको तपाईंको हृदयको राजालाई तपाईंको पवित्र गुणहरूले आदर र खुसी राख्ने जिम्मेवारी तपाईंको हो ।

अन्तमा, म तपाईंहरू दुवै जनालाई भन्न चाहन्छु, तपाईंहरूका स्वरहरूले प्रेमका कोमल ध्वनीहरूलाई नगुमाऊन्, न त तपाईंहरूको आँखाले कोमल ज्योतिलाई बिर्सून्, जसद्वारा तिनीहरू चम्केका छन् । सबैभन्दा महान्चाहिँ, सबै समयमा सबै थोकहरूमाथि परमेश्वरको उपस्थितिको सिंहासन रहिरहोस् ।

१६. *केक भएमा केक काट्नेः* हुनै पर्छ भन्ने छैन ।

१७. *अन्तिम आशिष्को प्रार्थनाः*

# मृत्यु संस्कार/मृत शरीरको दफन

मानव जन्मेपछि मृत्यु निश्चित छ (उत्पत्ति ३:१९) । यो आदमले गरेको पापको परिणाम हो । अब प्रश्नचाहिँ यो हो कि के मृत्यु नै मानव जीवनको अन्त्य हो वा मृत्युपछि पनि जीवन छ ? बाइबल धर्मशास्त्रले यो स्पष्ट गर्दछ कि मृत्यु मानव जीवनको अन्त्य होइन (यूहन्ना ११:२५,२६) । ख्रीष्टमा विश्वास गर्नेहरू शरीरमा एक पटक मरे पनि ख्रीष्टजस्तै उहाँको दोस्रो आगमन हुँदा फेरि पुनरूत्थान हुनेछ (१थेस.४:१३–१८) । त्यसैले ख्रीष्टमा विश्वास गर्नेहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु पर्दैन (१थेस. ४:१३) । ख्रीष्टको पुनरूत्थान नै हाम्रो पुनरूत्थानको निश्चयता हो (१कोरिन्थी १५:१–५७) । जसले ख्रीष्ट येशूलाई प्रभु र मुक्तिदाता भनी विश्वास गर्छन्, उनीहरूको जीवन ख्रीष्ट येशूमा निश्चित छ (रोमी ८:२८:३९) । ख्रीष्ट येशूमा विश्वास गर्नेहरू शरीरमा मर्नु भनेको प्रभुमा सुत्नु वा आफ्नो संसारको दुःखबाट आराम लिनु हो । ख्रीष्ट येशूको आगमन हुँदा हाम्रो पुनरूत्थान भएपछि हाम्रो मृत्यु कहिल्यै हुनेछैन (प्रकाश २१:४) । त्यसैले ख्रीष्टमा अनन्त जीवन वा अजम्मरी जीवन छ भनी हामी विश्वास गर्छौं । शारीरिक मृत्यु जीवनको अन्त नभएकोले मृत शरीरलाई आदरसाथ दफन गर्नु र परिवारलाई उत्साह दिनु असल हो, तर परिस्थितिअनुसार मृत शरीरको दफन गर्न सकिन्छ । यो यस्तै हुनुपर्छ भन्ने छैन किनकि परमेश्वर सार्वभौम शक्ति सम्पन्न सर्वज्ञानी परमेश्वर हुनुहुन्छ ।

### १. शरीरको दफन कसले गर्ने ?

मानिसको मृत्यु जुनसुकै बेला पनि हुनसक्छ, जस्तैः घर, बाटो, अस्पताल वा मण्डली आदि । फरक पृष्ठभूमि र संस्कृतिका मानिसको मृत्यु हुनसक्छ, त्यसैले परिस्थिति र आफन्तहरूको अवस्थालाई हेरेर मृत्यु सेवा सञ्चालन गर्नु पर्दछ । यो परिस्थिति हेरेर पास्टर वा कुनै पनि अभिषिक्त अगुवाले सञ्चालन गर्न सकिन्छ ।

## २. शरीरको दफन कसरी गर्ने ?

*क. शव तथा मृत–शरीरको तयारीः*

१. सम्भव भए, शवलाई सफा गरेर अत्तर (सेन्ट) छर्कने ।

२. शवलाई सफा गरेपछि नयाँ लुगा लगाइदिनु राम्रो हुन्छ ।

३. मृत–शरीर वा शवलाई बाकसमा राख्ने ।

५. मृत सेवा गर्ने स्थानमा शवलाई लाने, जस्तैः मण्डली, अस्पताल वा घरमा ।

*ख. मण्डलीमा मृत्यु सेवा विधिः*

१. कोरस गाउने : उनी नै हुन् प्रभु (कोरस **३७**)

२. प्रार्थना गर्ने

३. भजनः **४२७, ३८६**

४. मृतकलाई मनपर्ने कुनै एउटा भजन गाउने ।

५. वचनको सेवाः यूहन्ना १४:१–६; १थेस. ४:१३–१८

६. अवस्था हेरेर मृतकको बारेमा १ वा २ जनालाई उहाँको असल चरित्रको बारेमा बताउन दिने ।

७. अन्तिम मुख हेर्न दिने र फूल वा खादा लगाउन दिने । यो समयमा कुनै भजन गाउन सकिन्छ ।

८. अन्तिम प्रार्थना गर्ने र बाकस बन्द गर्ने ।

*ग. दफन स्थलमा गर्ने सेवा विधिः*

१. प्रार्थनाः

२. भजन गाउने एक वा दुई वटा

३. छोटो वचनः १थेसलोनिकी ४: १३–१८

४. *वचन पछि पास्टरले भन्नेः* मृतकको नाम .......................... यहाँ हुनुहुन्न । उहाँ प्रभुको उपस्थितिमा उभिनुभएको छ जुन प्रभुले क्रूसमा मर्न गइरहेको अपराधीलाई भन्नुभयो, “आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ ।” यो अति पवित्र प्रतिज्ञा हो । हाम्रो सामु जे छ त्यो पार्थिव शरिर मात्र हो, जुन शरिरमा उहाँ केही समयसम्म हाम्राबीचमा रहनुभयो ।

कोमलतामा र आदरसाथ त्यस शरिरलाई हामी चिहानमा बुझाउँछौं । जुन पृथ्वीबाट यो शरीर आयो, त्यही पृथ्वीमा यो फर्कन्छ, वा माटो, माटैमा फर्कन्छ । आत्मा परमेश्वरमा फर्कन्छ जसले यो दिनुभयो, प्रभुको आगमनमा आत्मा र शरीर दुवै मिल्ने दिनसम्म यो पर्खिरहनेछ, "किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरीउठ्नेछन्" (१थेस ४:१६) । "किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ ..." तब लेखिएको यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ" (१कोरिन्थी १५:५३, ५४) ।

५. शवलाई खाल्डोमा राख्ने वा खसाल्ने ।
६. पास्टरले उत्पत्ति २:१९ पढ्ने ।
७. सबैलाई हातमा माटो लिन लगाउने त्यसपछि प्रार्थना गरेर अन्त्यमा, पिता, पुत्र र पवित्र आत्माको नाममा भनेर माटो हालेपछि 'आमेन' भन्ने ।
८. शवलाई माटोले राम्रोसँग पुरेर अन्तिम प्रार्थना गर्ने ।

घ. *परिवारको इच्छा वा सल्लाहमा ३–७ दिनभित्र सान्त्वना सेवा गर्ने ।*

ङ. *शोकित परिवारलाई यो समयसम्म सान्त्वनाको सङ्गति दिने र वास्ता गरिरहने: भजनहरू: ४६९, ४७४, ३७५, ४८१, १०२, ४२७, ३८६, आदि गाउने ।*

# मण्डलीमा हुने विभिन्न उत्सव/दिवसहरू

## ख्रीष्टमस उत्सव (Christmas)

यो उत्सव ख्रीष्टको जन्मको सम्भनामा विश्वको प्रायः सबै मानिसहरूले मनाउने गर्दछन्, तर फरक फरक प्रकारले मनाउँछन् । पर्वको रूपमा ई. सं. ३३६ बाट यो शुरू भएको विश्वास धेरै मानिसहरू गर्दछन् । ख्रीष्टको जन्म डिसेम्बर २५ मा नै भएको हो भनेर बाइबलमा निश्चित रूपमा लेखिएको छैन, तर उहाँ जन्मनुभएको र जन्म उत्सव मनाएको प्रमाणचाहिँ बाइबलमा लेखिएको छ (मत्ती २:१–१२ र लूका २:८–२०) । उहाँको जन्मको बारेमा बाइबलमा मात्र नभएर विभिन्न ऐतिहासिक पुस्तकहरूमा पनि लेखिएका छन् । उहाँको जन्मले संसारको इतिहासलाई २ भागमा विभाजन गरेका छन् । ख्रीष्ट पूर्व र ई.सं. (ल्याटिनः एनो डोमीनी), "प्रभुको वर्ष" जुन ख्रीष्टको जन्मपछि शुरू भएको थियो । त्यसैले ख्रीष्टमस उत्सव जुन सुकै समय र चाडबाट शुरू भए तापनि यो ख्रीष्टको जन्म उत्सवको रूपमा मनाउँदा कुनै समस्या छैन र नमनाउँदा पनि समस्या छैन । यसको उद्देश्यचाहिँ ख्रीष्टको महिमा गर्ने र उहाँ जन्मनु भएको हो भन्ने प्रमाण र सन्देश दिने हुनुपर्दछ ।

**१. ख्रीष्टमस उत्सव कसरी मनाउने?**

वास्तवमा ख्रीष्टमसको खास अर्थ "ख्रीष्टमा भेला हुनु वा ख्रीष्टियानको सभा" हो । यो शब्दको प्रयोग वा ख्रीष्टमस एक चाडको रूपमा चौथो शताब्दीमा शुरू भएको हो । यो चौथो शताब्दीमा शुरू भए पनि ख्रीष्टको जन्म भएको र उत्सव मनाउने काम भने पहिलो शताब्दीमा नै ख्रीष्ट येशूको जन्मसँगै शुरू भएको थियो । जब खीष्टको जन्मलाई एक चाडको रूपमा मनाउन थालियो तब यसको साथमा विभिन्न प्रचलनहरू वा संस्कृतिहरू पनि भित्रिए । जस्तैः ख्रीष्टमस ट्री, सन्त क्लाज, मीठो खाना,

राम्रो लाउने, घर तथा मण्डली भवन सजाउने र उपहार साटासाट आदि । यी विभिन्न संस्कृतहरूले ख्रीष्टमसको वास्तविक अर्थलाई अलग गर्दै लगेका छन् ।

त्यसैले जब ख्रीष्टमस आउँछ तब मानिसहरू मुख्य तीन कुरामा व्यस्त हुन्छन् । के गर्ने वा कार्यक्रम जसले मानिसलाई मनोरञ्जन गराउँछ । के खाने, के दिने वा पाउने र के लाउने वा सजाउने भन्ने कुरामा व्यस्त हुन्छन् । यो पूरै नराम्रो होइन, तर कति पटक यस्तै हुनुपर्छ भन्ने कुरामा जोड दिनुचाहिँ बाइबलीय होइन । ख्रीष्टमसचाहिँ मानिसको खुसी मात्र खोज्ने होइन, तर परमेश्वरको लागि के गर्छौं भन्ने कुरा एकदमै महत्त्वपूर्ण छ । *ख्रीष्टमस कसरी मनाउने भन्ने बारेमा* मत्ती २:१–१२ र लूका २:८–२० स्पष्ट बताएका छन् । जसमध्ये एक उदाहरण ज्योतिषीहरू हुन् ।

क. ख्रीष्टलाई खोजेर (१)
ज्योतिषीहरूले उहाँलाई आराधना गर्न धेरै टाढासम्म विश्वासमै खोज्न हिँडे । आजभोलि ख्रीष्टमस ट्री र सन्त क्लाजको चर्चा र व्यापारीकरण भएको छ । हामीले मनाउने ख्रीष्टमसमा ख्रीष्टको स्थान कहाँ छ, त्यो खोज्नु आवश्यक छ । हाम्रो जीवनमा येशू ख्रीष्टलाई कुन स्थान दिएका छौं, त्यो खोज्नुपर्दछ । यसलाई चाडको रूपमा मात्र नभएर ख्रीष्टको स्थान हाम्रो जीवनमा खोज्नुपर्दछ ।

ख. ख्रीष्टको आराधना गरेर (११)
ज्योतिषीहरूले राजालाई चढाउने वस्तुहरू चढाएर आराधना गरे । हामीले पनि त्यस्तै गर्नुपर्छ भन्ने होइन, तर आत्मा र सत्यतामा आराधना गर्नुपर्दछ । आफ्नो शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य जिउँदो बलिको रूपमा अर्पण गर्नु पर्दछ ।

ख्रीष्ट येशू हाम्रो लागि पापको मोल तिर्न उपहार बनेर आउनुभयो, तर हामीले उहाँलाई कस्तो उपहार दिएका छौं ? के हाम्रो जीवनबाट उहाँको आराधना भएको छ ? तपाईंको जीवन उहाँलाई दिनुहोस र उहाँको इच्छाअनुसार जिउनुहोस् ।

ग. ख्रीष्टको आज्ञालाई पालन गरेर (८,१२)
ज्योतिषीहरूले हेरोद राजाले भनेको मानेनन्, तर परमेश्वरको आज्ञा वा दर्शनलाई पछ्याए । तर हामी मानिसले वा अरू मण्डलीले जे गर्छ त्यही गर्छौं । सजाउनु गलत होइन, तर 'यस्तै गर्नुपर्छ' भन्नु गलत हो । सधैं एउटै तरिकाले गर्छौं भने त्यो एक संस्कृति बन्छ । ख्रीष्टमस ट्री र अरूको उदाहरण: कसैले एक पटक गरेपछि यो संस्कृति बन्छ । हाम्रो बच्चाहरूको दिमागमा ख्रीष्टमस ट्री छैन भने ख्रीष्टमस नै होइन भन्ने भइसक्यो । त्यसैले यस्तै गर्नुपर्छ भन्ने कुरालाई जोड दिनुको सट्टा उहाँको जन्म कसरी भयो र उहाँको जन्मले हाम्रो जीवनमा के ल्यायो भन्ने कुरालाई बुझाउने प्रकारले मनाउनु पर्दछ । ख्रीष्टको जन्मले हाम्रो जीवनमा के ल्यायो भन्ने कुरा आफ्ना आफन्त र छिमेकीहरूलाई सुनाउनु नै ख्रीष्टमस हो ।

ख्रीष्टमस विभिन्न प्रकारले मनाउन सकिन्छ । कहिलेकाहीँ छिमेकीलाई बोलाएर खानपानको साथमा परमेश्वरको वचन सुनाएर मनाउन सकिन्छ । कहिलेकाहीँ मण्डली परिवार मात्र बसेर ख्रीष्टलाई आराधना र धन्यवाद दिएर पनि गर्न सकिन्छ। कहिलेकाहीँ नयाँ ठाउँमा गएर उहाँको जन्मको बारेमा बताउने । कहिलेकाहीँ सबैको समय मिल्ने गरी डिसेम्बर महिनामा जुनसुकै दिनमा पनि मनाउन सकिन्छ । कहिलेकाहीँ ख्रीष्टमसको उपहार गरिब र अनाथ नानीहरू तथा विधवा र वृद्धहरूलाई दिएर पनि मनाउन सकिन्छ ।

# असल शुक्रबार र पुनरूत्थान उत्सव

## १. असल शुक्रबार

असल शुक्रबारलाई "गुड फ्राइडे" पनि भनिन्छ । 'गुड फ्राइडे' शब्द किन चलाइयो भन्ने बारेमा धेरै अनुमानहरू छन् जसमध्ये यो "गड्स फ्राइडे" अर्थात् 'परमेश्वरको शुक्रबार'बाट गुड फ्राइडे बनेको हो पनि भनिन्छ । पछिल्लो समयमा यसलाई "पवित्र शुक्रबार" भन्ने नाम पनि दिइयो । यसको इतिहास लामो र गहिरो छ, तर मुख्य गरी यो येशूको मृत्युको दिनको सम्भना गर्ने दिन हो । येशू ख्रीष्टको मृत्युले संसारमा ल्याएको असल खबरले गर्दा यो एक चाडको रूपमा मनाउन थालिएको र यसको नाम पनि असल वा शुभ शुक्रबार रहेको मानिन्छ । मण्डली इतिहासलाई हेर्ने हो भने यो एक चाडको रूपमा मान्दै आएको पनि पाइन्छ । विभिन्न व्यक्तिहरूले येशू ख्रीष्टको मृत्युको निश्चित दिन पनि तोकेका छन्, त्यसैले यो विश्वभर सबैले एकै दिनमा मनाउँदै आएका छन् । कतिपय देशमा यो दुःख वा शोकको चाडको रूपमा मनाउँछन् भने कतिले असल वा खुसीको चाडको रूपमा पनि मनाउँछन् ।

यस चाडलाई जसले जसरी मनाए पनि बाइबलमा यसको बारेमा केही लेखिएको छैन, त्यसैले पहिलो शताब्दीका विश्वासीहरूले यो चाड मनाएनन् भन्ने निश्चित छ । त्यसैले हामीले पनि मनाउनै पर्छ भन्ने होइन, तर सबैले मनाउँछन् भने सहभागी हुन सकिन्छ । सहभागी हुने क्रममा कसरी मनाउने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । सामान्यतय येशूको मृत्युलाई सम्भना गर्नु र धन्यवाद दिनु राम्रो हो, तर पूरै शोक गरेर आफ्नो शरीरलाई दुःख दिने काम गर्नु गलत हो । यसको बारेमा विभिन्न गलत संस्कृतिहरू र अभ्यासहरू मण्डलीमा भित्रिसकेका छन्, तर यसको बारेमा बुझिराख्नु आवश्यक छैन। कतिले यो असल शुक्रबार भएकोले रमाइलो गर्ने र भोज गर्ने पनि गर्छन्। यसो गर्नु असल होइन । हाम्रो मण्डलीमा असल शुक्रबारको दिउँसो ३/४ बजेतिर ख्रीष्टको मृत्युको सम्भना गर्न प्रार्थना सङ्गति गर्ने गरेका छौं, तर उत्सवकै

रूपमा भने गर्दैनौं । ख्रीष्टको मृत्युको बारेमा भजनहरू गाउने, वचनबाट सिकाउने र धन्यवादको प्रार्थना गर्ने गर्छौं ।

**२. पुनरूत्थान दिवस/उत्सव**

पुनरूत्थान दिवसलाई प्रायः "इस्टर सन्डे" भनेर चिनिन्छ । पछिल्लो समयमा आएर "इस्टर सन्डे" को अर्थ र इतिहास फरक भएकोले यसलाई पुनरूत्थान दिवस वा उत्सव भन्ने नाम दिइयो । "इस्टर" शब्दको खास अर्थ के हो भन्ने बारेमा लामो इतिहास पढ्नुपर्ने हुन्छ । कसैले यसलाई "चाडहरूको चाड" भन्छन् भने कसैले "दिनहरूकी रानी" पनि भन्छन् जसलाई "निस्तार चाड" को सट्टामा पनि मनाउँदै आएको पाइन्छ । यो एक मूर्तिपूजकहरूले मान्ने चाड हो पनि भन्छन् । जसले जे भने पनि यो चौथो शताब्दीमा आएर ख्रीष्ट येशूको पुनरूत्थानको दिनको सम्झना वा घोषणा गर्नको निम्ति मनाउने निर्णय भएको थियो । त्यसैले निश्चित दिन र बार पनि तोकियो । दिन र बार तोकेर विश्वभरि नै एकै दिनमा मनाए पनि विभिन्न देश र सम्प्रदायहरूमा फरक फरक संस्कृतिहरू र तरिकाहरू भित्रिसकेका छन् । यी सबै संस्कृतिहरू बाइबलीय नहुन पनि सक्छन् । त्यसैले पुनरूत्थान दिवस यसरी नै मनाउनुपर्छ भन्ने कुनै निश्चित तरिकाहरू छैनन् ।

पुनरूत्थान दिवस कसरी मनाउने भन्नुभन्दा पनि किन मनाउने भन्ने प्रश्न महत्त्वपूर्ण छ । ख्रीष्ट येशू पुनरूत्थान हुनुभएको वास्तविक हो । यस बारे बाइबलले स्पष्ट प्रमाणहरू दिन्छन् (मत्ती **२८:१–१०** ; यूहन्ना **२०:१–३१**) । वास्तवमा भन्ने हो भने हाम्रो लागि ख्रीष्ट येशूको मृत्यु र पुनरूत्थानको दिन एकदमै महत्त्वपूर्ण छ । उहाँको पुनरूत्थानले हामीलाई धर्मी ठहराउनुको साथै मृत्युमाथि विजय भई हाम्रो शरीरको पुनरूत्थानको निश्चयता दिलाएको छ । यसैले पुनरूत्थान जस्तो महत्त्वपूर्ण घटनालाई वर्षमा एक चोटि चाडको रूपमा मात्र मनाएर हुँदैन, तर प्रत्येक दिन यो घटनाको सम्झना र

घोषणा गर्नु आवश्यक छ । पुनरूत्थानको दिनलाई उत्सवको रूपमा मनाउँदा पनि मानिसहरूले उहाँको पुनरूत्थान भएको हो भन्ने कुरा सम्झन्छन् । नेपालमा बिहान मण्डली गएर सङ्गति गर्ने र सडकमा हिँडेर मानिसहरूलाई सुसमाचार सुनाउने गर्दै आएका छन्। यो पनि असलै छ, तर यसमा अरू संस्कृतिहरू भित्रियो भने अर्थ फरक हुन पनि सक्छन् । जस्तैः के खाने, कस्तो लाउने र के गर्ने भन्ने कुरामा सीमित हुन दिनु हुँदैन। ख्रीष्ट येशूको पुनरूत्थान वास्तविक हो, तर यसमा थपिएको संस्कृति वास्तविक होइन ।

## जन्मोत्सव

जन्मोत्सव किन मनाउने भन्ने कुरा बाइबलले स्पष्ट जानकारी दिँदैनन् तर जन्म तथा जीवन कति महत्त्वपूर्ण छ भन्ने कुरा बताउँदछ । बाइबलमा हेरोद राजाले जन्म उत्सव मनाएको घटना पाउँदछौं (मत्ती १४:६–११; मर्कूस ६:२१–२८) । यहाँको सन्दर्भलाई हेर्दा हेरोदले आफ्ना आफन्तहरू, साथीहरू र कार्यकर्ताहरूलाई बोलाएर रमाइलो कार्यक्रम गरेको अनुमान गर्न सकिन्छ । तर यसको परिणाम भने असल भएन ।

संसारमा प्रायः मानिसहरूले जन्म दिन मनाउँछन्, तर फरक–फरक उद्देश्यले मनाउँछन् । कसैले रमाइलो गर्न भने कसैले आफ्नो जीवनलाई फर्केर हेर्न र परमेश्वरलाई धन्यवाद दिन मनाउँछन् । जन्म दिन मनाउनै पर्छ भन्ने छैन, तर मनाउँदा असलै हुन्छ । बालबालिकाहरूको जन्म दिन मनाउँदा उनीहरूले बाबा आमालाई र परमेश्वरलाई धन्यवाद दिने बानी बस्छ । बाबु आमाको प्रेमको महसुस गर्न सक्छन् र पछि गएर सम्झना बन्न सक्छन् । ठूलो मानिसहरूले पनि परमेश्वरको विश्वसनीयता र आफ्नो सफलतालाई देख्न सक्दछन् ।

**जन्मोत्सव कसरी मनाउने?**

जन्म दिनमा भोज गर्नु र केक काट्नुभन्दा परमेश्वरलाई धन्यवाद दिनु असल हो किनकि यो जीवन परमेश्वरले दिनुभएको हो र उहाँकै हातमा छ। परमेश्वरको वचनबाट सुन्नु र मनन गर्नु असल हो, जसले हामीलाई अघि बढ्न सहायता गर्दछ। सङ्गति गर्दा निम्न तरिकाबाट गर्न सकिन्छ।

१. शुरूको प्रार्थना
२. कोरस भजनहरू: कोरस २९,२३, ३६,४२; भजनहरू – ३२६, ३२८, ३५६, ३३२ आदि
३. प्रवचनः भजनसंग्रह ७१:४–६; १३९:१३–१६; यर्मिया १:४–१०; उपदेशक १२:९–१४; यशैया ३८:१–८; लूका ११:३३–३६; फिलिप्पी ३:१२–१६ बाट दिन सकिन्छ।
४. केक भए केक काट्नेः यो बेला जन्म दिनको शुभकामनाको गीत गाउने।
५. जन्म दिन भएको व्यक्तिको लागि शुभकामना गीत वा सकारात्मक गुणहरू भनेर उत्साह दिने।
६. आशिष्को प्रार्थना गरिदिने।

## मण्डली तथा व्यक्तिगत भवन समर्पण

वास्तवमा मण्डली भनेको भवन नभएर ख्रीष्ट येशूमा बोलाइएको वा अलग गरिएका मानिसहरूको सभा वा समूह हो। ख्रीष्टमा विश्वास गर्ने मानिसहरूले भेला भई सभा वा सङ्गति गरिने भवनलाई मण्डली भवन भनियो। सङ्गति गर्ने ठाउँ निश्चित भवन नै हुनुपर्छ भन्ने होइन, भएमा सुरक्षाको हिसाबले राम्रो हुन्छ। सङ्गति घरमा, गोठमा र कुनै खुल्ला ठाउँमा पनि गर्न सकिन्छ। नयाँ करारमा मण्डली भवन निर्माण गरेको र समर्पण गरेको घटना पाइँदैन। पुरानो करारमा भने मन्दिर निर्माण गरी औपचारिक रूपमा समर्पण गरेको पाइन्छ (१राजा ८:६२–६६)। नयाँ करारमा यो स्पष्ट छ कि परमेश्वर मण्डली भवनमा होइन, मानिसहरूको हृदयमा बस्नुहुन्छ (१कोरिन्थी ६:१९–२०)। त्यसैले मण्डली भवन परमेश्वरको निम्ति

नभएर मानिसको सुविधाको निम्ति हो ।

तर जे भए पनि मण्डली भवन परमेश्वरको महिमा गर्ने एक स्थान भएकोले उहाँको निगाह र सुरक्षाको निम्ति परमेश्वरमा समर्पणको प्रार्थना गर्नु असल कुरा हो । भवन समर्पणको मुख्य उद्देश्य परमेश्वरले जुटाउनु भएकोमा उहाँलाई र मानिसहरूको सहायताको निम्ति धन्यवाद दिने हुनुपर्दछ । अर्को उद्देश्य परमेश्वरको सुरक्षाको निम्ति उहाँलाई समर्पण गर्ने हो (भजन **१२७:१**) । समर्पण एक निश्चित विधि भने होइन र यो समर्पणको लागि निश्चित विधि र भोज गर्नै पर्छ भन्ने पनि होइन ।

कति जना विश्वासीहरूले आफ्नो घर परमेश्वरमा समर्पण गर्न इच्छा गर्दछ भने त्यो असल हो । तर चुनौतीचाहिँ कति पटक यो हिन्दू र बौद्धमार्गी रीतिअनुसार पनि गर्न खोज्छन् । यो बेला अगुवाहरू होसियार हुनु आवश्यक छन् ।

## मण्डली तथा व्यक्तिगत भवन समर्पण कसरी गर्ने ?

मण्डली भवन र व्यक्तिगत भवन समर्पण गर्ने तरिकहरू कति मण्डलीमा फरक छन्, तर यो जसरी गरे पनि हुन्छ । विषेश गरी वचनको खण्ड र सन्दर्भ अलि फरक होला, तर गर्ने तरिकाहरू एउटै हुन् । भवन समर्पण गर्दा कतिले घर मालिकलाई विभिन्न प्रश्नहरू पनि गरिन्छ, तर गर्नै पर्छ भन्ने छैन । गर्ने तरिका भन्दा पनि परमेश्वरलाई धन्यवाद दिनु र समर्पणको प्रार्थना गर्नु महत्त्वपूर्ण कुरा हो ।

### १. भवन बाहिर

क. शुरूको प्रार्थना

ख. केही कोरस भजन गाउनेः कोरस **४१, २९, २०**

ग. समर्पण गर्ने पास्टरले मत्ती **१६:१८** पद पढेर रिबन भए काट्ने नत्र चाबी खोलेर चाबी स्थानीय पास्टर तथा समितिलाई हस्तन्तरण गर्ने । व्यक्तिगत घर भएमा मत्ती **७:२४–२५** वा भजन. **१२७:१** पढ्ने ।

**२. भवन भित्र**

क. केही भजनहरू गाउने: **५८,१५८,४७४, ७६**

ख. स्तुति आराधना गर्ने

ग. प्रवचनः मत्ती १६:१३–२०; १राजा ८:२७–३०; हाग्गै १:१–१५; १कोरिन्थी ३:१७–२०; भजन. १२७:१

घ. समर्पण तथा अन्तिम प्रार्थना

## मण्डलीको वार्षिकोत्सव

मण्डलीको वार्षिकोत्सव विभिन्न मण्डलीमा विभिन्न प्रकारले मनाउँदै आएका छन् । जसले जसरी मनाए पनि यो यसरी नै मनाउनु पर्छ भन्ने होइन, तर मनाउनु राम्रो हो । यो व्यक्तिको जन्म दिनजस्तै मण्डलीको जन्म दिन हो । यसको मुख्य उद्देश्य वर्षभरिमा मण्डलीले गरेको प्रगति र सुधार्नु पर्ने कुराहरूको मूल्याङ्कन गर्ने र भावी योजना बनाउने हो । अर्को परमेश्वरलाई धन्यवाद र महिमा दिने समय पनि हो, तर हिजो–आज यो भोज र रमाइलो गर्ने एक कार्यक्रम हुँदै गएका छन् । मण्डलीको वार्षिकोत्सवलाई वार्षिक भेलामा पनि परिवर्तन गर्न सकिन्छ । यो रमाइलो कार्यक्रममा सीमित हुने हो भने यो नमनाउँदा राम्रो !

मनाउने नै हो भने यसको मुख्य उद्देश्यलाई बिर्सनु हुँदैन । सधैं एकै प्रकारले मनाउनु पर्छ भन्ने छैन । कहिलेकाहीँ मण्डली परिवार सबै बसेर मनाउने । कहिलेकाहीँ अगुवाहरू मात्र विभिन्न ठाउँमा गएर रमाइलो गर्दै परमेश्वरलाई धन्यवाद दिनुको साथै भावी योजना बनाउन सकिन्छ । यो पाँचौं, दसौं, गर्दै पनि मनाउन सकिन्छ । यो अरू मण्डलीको पास्टर अगुवाहरूलाई बोलाएर परमेश्वरको महिमा गर्दै उहाँले गर्नुभएको कामको विवरण दिएर उनीहरूलाई उत्साह पनि दिन सकिन्छ ।

# यस निर्देशिकाको संरक्षण, प्रयोग र संशोधन

१. यो निर्देशिकाको संरक्षण बेथलेहेम मण्डलीको केन्द्रीय समतिले गर्नेछ ।
२. यो बेथलेहेम मण्डलीहरूको लागि मात्र लागू हुनेछ ।
३. यो निर्देशिका संशोधन गर्नु परेमा वार्षिक सभामा प्रस्ताव गरी सर्वसम्मतिद्वारा गर्न सकिनेछ ।

# प्रभु येशूले सिकाउनुभएको प्रार्थना

‘हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईको नाम पवित्र होस् । तपाईको राज्य आओस् । तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पुरा होस् । हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् । हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं । हामीलाई परिक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् । किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन् आमिन ।’



बेथलेहेम मण्डलीको शुरूका पास्टरहरु



पास्टर अगुवाहरुको सेमिनार









रामेछापमा संयुक्त पुनरुत्थान उत्सव



बेथलेहेम संयुक्त जवान जागृती सम्मेलन २०७४

## हाम्रो दर्शन:

परमेश्वरको वचन अनुसार जिउने स्वस्थ मण्डली स्थापना अभियान चलिरहेको देख्नु हो (प्रकाश ३:८) ।

## हाम्रो मिसन

नेपालको विभिन्न ठाउँमा चेला निर्माण प्रक्रियाद्वारा, जीवन रूपान्तरण र स्वस्थ मण्डली स्थापना गर्नु हो (मत्ती २८:१९-२०) ।



FIRST CHRIST FOLLOWER OF BETHLEHEM CHURCH FAMILY


लेखन तथा सम्पादन

**पास्टर नहकुल तामाङ** (M.A., B.Th., B.A.)

**बेथलेहेम काठमाडौं मण्डली**

**कागेश्वरी मनोहरा न.पा. ६, मुलपानी**

E-mail: nakultmg@gmail.com